# आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यक्रम दिग्दर्शन

## सामाजिक अध्ययन, सिर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षा

२०७५



# आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यक्रम दिग्दर्शन

## २०७५


शिखर


घण्टेश्वर मन्दिर


चौकामाण्डौ मन्दिर


लाटागन्याप मन्दिर


कैलपालमाण्डौ मन्दिर

## सामाजिक अध्ययन, सिर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको २० प्रतिशत अंशको परिपूर्तिका लागि तयार पारियको


असिग्राम मन्दिर


बडाल जाँत


मष्टामाण्डौ मन्दिर


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गणेशपुर,
शिक्षा शाखा, डडेल्धुरा

# गन्यापधुरा गाउँपालिकाको नक्सा






भिमदत्त पन्त



शिखर

# आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यक्रम दिग्दर्शन-२०७५

सामाजिक अध्ययन, सृजनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षा  बिषयको २० प्रतिशत अङ्कशको परिपूर्तिका लागि तयार पारिएको

**गन्यापधुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, गणेशपुर,**
**शिक्षा शाखा**
**डडेल्धुरा**

**प्रकाशकः**
**गन्यापधुरा गाउँपालिका**
शिक्षा शाखा
डडेल्धुरा

**सर्वाधिकारः**
**गन्यापधुरा गाउँपालिका, डडेल्धुरा**

**प्रमुख सम्पादकः**
**नवल बहादुर मल्ल**
अध्यक्ष
**गन्यापधुरा गाउँपालिका**

**सम्पादक मण्डलः**
**चक्र बहादुर देउवा**
सामाजिक विकास समिति संयोजक, गन्यापधुरा गा. पा.
**करुणाकर पन्त**
प्रमुख प्रशासकीय अधिकृत, गन्यापधुरा गा. पा.
**नारायण दत्त भट्ट**
शाखा अधिकृत  (इकाइ प्रमुख)
**शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुरा**
**प्रेमसिंह ऐर**
स्रोतब्यक्ति (शिक्षा शाखा), गन्यापधुरा गा. पा.
**शिव बहादुर महता**
सूचना प्रविधि अधिकृत, गन्यापधुरा गा.पा.
**दिल बहादुर ऐर**
लेखापाल , गन्यापधुरा गा. पा.
**केशब शाहु**
सब-इन्जिनियर, गन्यापधुरा गा. पा.
**संस्करणः**
प्रथम संस्करण २०७५
**मुद्रकःकैलपाल प्रिन्टिङ प्रेस डडेल्धुरा फोन ०९८६४१०११६**

**गन्यापधुरा गाउँपालिका**
**गणेशपुर-२, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**



E-mail:- nabalmalla@gmail.com
Ph no:- 9858788706

**प.सं.२०७५/०७६**
**च.नं.**

## शुभ कामना

शिक्षालाई उद्देश्यमूलक, ब्यवहारिक, समसामयिक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, शैक्षणिक तथा सन्दर्भ सामग्री विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिईदै आएको छ। विद्यार्थीहरुमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन, स्वालम्बन, सिर्जनशीलता, सामाजिक एवम् चारित्रिक गुण तथा आधाभूत ज्ञान, सीप, अवधारणा तथा जीवनोपयोगी सीपको विकास गराउनु जरुरी छ। शैक्षिक विकेन्द्रीकरणको नेपाल सकारको नीतिगत अवधारणा अनुसार स्थानीय तहले आवश्यकतामा आधारित शिक्षाको जग बलियो बनाउन विद्यालयको आधारभूत तह देखिनै स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ र २०६५ को प्रावधान अनुसार पनि स्थानीय तह वा विद्यालय स्तरले आफ्नो आवश्यकताको आधारमा रहेर १०० प्रतिशत अङ्शको पाठ्यभार रहने इच्छाधिन बिषयवस्तुको स्थानीय पाठ्यक्रम र २० प्रतिशत अङ्शको पाठ्यभार समेटने गरी सामाजिक अध्ययन शिक्षा, शारीरिक शिक्षा र सिर्जनात्मक कला बिषयको बनाइ कार्यान्वयन गर्ने प्रावधान रहेकोमा हाल सम्म स्थानीय तहमा यस्तो पाठ्यक्रम निर्माण नभएकोले गाउँपालिकाले स्वीकृत गरेको कार्यक्रम अनुसार शैक्षिक सत्र २०७६ देखि लागु हुने गरी २० प्रतिशत अङ्कभार पूर्ति गर्ने उद्देश्यले ३ वटै बिषयको पाठ्यक्रम गन्यापधुरा गाउँपालिकाको शिक्षा शाखाले तयार गरी सबै विद्यालयमा कक्षा १ देखि ५ सम्म कार्यान्वयन गरिने छ। यसले विद्यालयमा स्थानीय बिषयवस्तुको आधारमा विद्यार्थीहरुलाई ज्ञान,सीप,अवधारणाको विकास गर्नमा शिक्षकहरुलाई यसले आफ्नो सेवा क्षेत्रमा रहेका बिषयवस्तुहरुको खोजतलास गरी पठन पाठन गर्न र स्थानीय स्तर अथवा गन्यापधुरा गाउँपालिका भीत्र रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रहरुको परिचय, रिति रिवाज, सांस्कृतिक पक्षको पहिचान गर्नमा उपयोगी हुने विश्वास लिएको छु।
अन्तमा यस स्थानीय पाठ्यक्रम निर्माणको क्रममा शिक्षा शाखालाई सहयोग गर्ने सबै प्रधानाध्यापक, शिक्षकहरु, सुझाव-सल्लाह प्रदान गर्ने जनप्रतिधि ज्यूहरु, राजनैतिक दलका पदाधिकारी एवम् प्रतिनिधिज्यू, यससँग सम्बन्धित कर्मचारीहरु तथा शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुराका इकाइ प्रमुख सबैको महत्त्वपूर्ण भूमिका रहेको छ। सबैलाई धन्यवाद ज्ञापन दिदै, विशेष रुपले यसमा महत्त्वपूर्ण कार्य गर्ने प्रअ जयराज अवस्थी, पदमराज जोशी, भोजराज पनेरु र शिक्षा शाखा प्रमुख प्रेमसिंह ऐर लाई विशेष रुपमा हृदय देखि आभार र धन्यवाद ब्यक्त गर्दै, यस प्रकाशित स्थानीय पाठ्यक्रमबाट सम्बन्धितलाई लाभ पुगोस भनी शुभ- कामना ब्यक्त गर्दछु।

**(नवल बहादुर मल्ल)**
**अध्यक्ष**
**गन्यापधुरा गाउँपालिका, डडेल्धुरा**

# हाम्रो भनाई

शिक्षाको गुणस्तरमा सुधारको लागि विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, ब्यवहारिक, समयसापेक्ष एवम् स्तरीय बनाउने अभिप्रायले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा शिक्षक, अभिभावक, विद्यार्थी, बुद्धिजीवि, जनप्रतिनिधि, समाजसेवी ज्यूहरुबाट राय सुझाव सङ्कलन गरी सोका आधारमा परिमार्जन र सुधार गर्ने कार्यलाई निरन्तर प्रक्रियाको रुपमा अङ्गीकार गरिदै आएको छ । सोही अनुरुप पाठ्यक्रममा स्थानीय अङ्श २०% बराबरको स्थानीय बिषयवस्तु समेटि पाठ्यक्रम तयार पार्ने केन्द्रिय पाठ्यक्रमका आधारमा गन्यापधुरा गाउँपालिका शिक्षा शाखाबाट यस क्षेत्रका बिषय विज्ञ, प्रधानाध्यापक, अभिभावक, शिक्षा विकास तथा समन्वय इकाइका इकाइ प्रमुख तथा अभिभावकको राय, सुझाव सल्लाह र सहयोग लिई यो स्थानीय पाठ्यक्रम तयार पारिएको छ । "विश्वव्यापी रुपमा सोच राखी स्थानीय रुपमा कार्यान्वयनमा ल्याऊ" (Think Globally Act Localy) भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रुप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको छ ।

स्थानीय पाठ्यक्रम विकासका केही मान्यताहरु रहेका छन् । जस्तैः

- स्थानीय आवश्यकताका बिषयवस्तुले स्थान पाउने,
- पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने,
- पाठ्यक्रमप्रति जनताको अपनत्व (Ownership) बढ्ने,
- पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिबृद्धि हुने,
- विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने,
- न्यून मूल्यका स्थानीय सामग्रीको (Low cost, No cost materials) को प्रयोग हुने,
- सरोकारवालाको सक्रिय सहभागिता रहने ।

यस स्थानीय पाठ्यक्रममा यहाँका स्थानीय मठ मन्दिर, ताल, छहरा, पर्यटकीय स्थल, यहँका जडीबुडी, कृषि उत्पादन, साना घरलु उद्योग जस्ता बिषयवस्तु समेटिएको छ । शिक्षण सिकाइ कार्यलाई सहयोग पुग्ने गरी बिषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन र पाठ्यभार समेतलाई समावेश गरिएको छ । स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सीप, स्थानीय ज्ञान (Local Knowledge) को उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सीपको विकासमा सहयोग पुग्राउँछ । स्थानीय मूल्य-मान्यताको संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्राउनुको साथै तिनको हस्तान्तरणमा समेत योगदान पुग्राउँछ ।

बालबालिकाहरुलाई उपरोक्त बिषयवस्तु शिक्षण गर्न पाठ्यवस्तु खोजी, अनुसन्धान तथा स्थलगत भ्रमण गराई र बुद्धिजीवि – सामाजसेवी विज्ञहरुका सल्लाह र राय सुझावका अनुसार शिक्षण गर्न शिक्षकहरुमा अनुरोध गरिएको छ । पाठ्यक्रमको अनुसूचीहरुमा सन्दर्भ सामग्रीको रुपमा समेत केही महत्त्वपूर्ण बिषयवस्तु समावेश गरिएका छन् ।

यस पाठ्यक्रम निर्माण कार्यमा समितिका बिषय विज्ञ, शिक्षक-प्रधानाध्यापक तथा गन्यापधुरा गाउँपालिका, गाउँ शिक्षा समिति, कार्यपालिका, शिक्षा विकास तथा समन्वय इकाइका शाखा अधिकृत (इकाइ प्रमुख), स्रोतब्यक्तिहरुबाट अमूल्य समय दिई सम्पन्न गरी तयार गर्नमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गरिन्छ । साथै यस पाठ्यक्रममा भएका कमी कमजोरी, त्रुटिहरु भए सकारात्मक सुझावका लागि गन्यापधुरा शिक्षा शाखा अनुरोध गर्दछ । साथै थप सुझाव तथा रचनात्मक सहयोगका लागि अपेक्षा गरिन्छ ।

**गन्यापधुरा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय,

गणेशपुर,
(शिक्षा शाखा) डडेल्धुरा

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको चिनारी:

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि विकासका कुराहरु चल्न थालेका हुन् । आर्थिक तथा सामाजिक विकास गरेर जनताको जीवनस्तर माथि उठाउने उद्देश्यले वि.सं. २०१३ साल देखि योजनाबद्ध विकासको सुरुवात गरियो । त्यही सन्दर्भमा सार्वजनिक खर्चलाई साधारण खर्च र विकास खर्चमा विभाजन गर्ने परिपाटी आरम्भ गरियो । योजनाबद्ध विकासका क्रममा आर्थिक बर्ष २०१३/२०१४ देखी हाल सम्म १४ औं योजना लागू भई सकेका छन् । योजनाबद्ध विकासका क्रममा विकास सम्बन्धी गतिविधिहरुलाई देशको सुगम तथा साधन सम्पन्न क्षेत्रमा मात्र सीमित राख्दा क्षेत्रीय असन्तुलन बढ्ने भएकाले सबै क्षेत्रको सन्तुलित विकास हुनु पर्ने कुरामा तेस्रो योजनामा राज्यलाई कर्णाली, गण्डकी र कोशी तीन जलाधार क्षेत्रका आधारमा विभाजन गरी राष्ट्रिय विकासमा क्षेत्रीय विकासको अवधारणा अगाडी सारिएको देखिन्छ । मुलुकको कुनै पनि भाग तथा जनसमूह विकास अभियानमा उपेक्षित नहुन भन्ने उद्देश्यले प्रादेशिक सन्तुलन तथा एकीकरण गरिनुपर्ने आवश्यकताको सन्दर्भमा चौथो योजनामा विकास रेखाको सिद्धान्त अपनाइयो । यस अन्तरगत तराई, पहाड तथा हिमाल गाँस्न परम्परागत उत्तर- दक्षिण ब्यापारिक मार्गहरुलाई आधुनिक यातायातको सुविधाका आधारमा चारवटा विकास रेखाहरुमा विभाजन गरी यी विकासका रेखाहरुबाट विकासको असर विभिन्न क्षेत्रमा फैलाउने परिकल्पना गरिएको थियो । कोशी विकास रेखा, विराटनगर देखि दरभंगा, गण्डकी विकास रेखा, भैरहवा देखि जोमसोम सम्म कर्णाली विकास रेखा, नेपालगञ्ज देखि जुम्ला सम्म र काठमाण्डौ विकास रेखा, वीरगञ्ज देखि बाह्यविसे सम्म । मुलुकमा अविकसित तथा दुर्गम क्षेत्रहरुमा पनि विकास सम्बन्धी गतिविधिहरु पुग्राई सन्तुलित विकास गर्ने उद्देश्यले वि.सं. २०२९ सालमा नेपाललाई चार विकास क्षेत्रमा विभाजन गरियो । प्रत्येक क्षेत्रको समुचित कार्य सञ्चालन गर्ने केन्द्रका रुपमा पुर्वाञ्चलका लागि धनकुटा, मध्यमाञ्चलका लागि काठमाण्डौं, पश्चिमाञ्चलका लागि पोखरा र सुदुरपश्चिमाञ्चलका लागि नेपालगञ्ज स्थापना गरियो । यस विकासको ब्यवस्थाबाट स्थानीय स्रोतको अधिकतम प्रयोग गरिने, आर्थिक तथा सामाजिक एकीकरण हो । प्रादेशिक असन्तुलन घट्ने कुराको अपेक्षा गरिएको थियो । तर उक्त अनुसारको विकास क्षेत्रको ब्यवस्थापन अन्तरगत मुलुकको जनसङ्ख्या, स्रोतसम्पन्नता तथा विकास लगानीका बीच सामञ्जस्यता नरहेको महसुस भयो । खास गरेर सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा मुलुकको कुल क्षेत्रफलको ४२ प्रतिशत हिस्सा, १४ अञ्चलमध्ये ५ अञ्चल, ७५ जिल्ला मध्ये २४ जिल्ला र वि.सं. २०३८ को जनगणना अनुसार मुलुकको कुल जनसङ्ख्याको २२ प्रतिशत रही अन्य क्षेत्रको तुलनामा विभिन्न दृष्टिकोणले ठुलो भएको तर लगानीको हिसाबले सोही अनुरुप प्राथमिकता नपाएको अनुभव भयो । यस सन्दर्भमा वि.सं. २०३७ सालमा साविकको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत रहेका सेती र महाकाली अञ्चललाई मिलाई पाँचौ विकास क्षेत्रको रुपमा स्थापना गरियो र यसलाई सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको संज्ञा दिइयो, साविकको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र भित्र रहेका राप्ती, कर्णाली र भेरीलाई मध्यमाञ्चल विकासको संज्ञा दिइयो ।

देशको सन्तुलित विकासको लागि समय – समयमा विभिन्न क्षेत्रीय तथा प्रादेशिक मोडेलहरुको अभ्यास हुँदै आएका छन् । तथापि विकासमा सन्तुलन हुन् नसक्दा या चित्त बुझ्दो विकास हुन नसक्दा वि.सं. २०६२/०६३ मा जनआन्दोलन भयो र यस आन्दोलनको सफलता पश्चात संविधान सभाको निर्वाचन भयो र संविधान सभाले संविधान निर्माण गऱ्यो जुन संविधानले नेपाललाई संघीय नेपालको परिकल्पना गऱ्यो । संघीय संविधानले परिकल्पना गरे अनुसार

देश विकासका लागि पुनःसंरचना भयो। पुनःसंरचना गर्ने सिंगो राज्यलाई तीन तहको सरकारका रुपमा विभाजन गरियो। यसरी तीन तहको राज्यको पुनःसंरचना गर्नु अगाडी नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजित गरिएको थियो। यसलाई पुनःसंरचना गर्ने क्रममा १४ अञ्चललाई खारेज गरिएको छ, भने जिल्लाहरुलाई इकाइका रुपमा लिइएको छ। यसरी जिल्लाहरुलाई इकाइको रुपमा लिंदा ७५ बाट ७७ वटा बनाइएको छ, ७७ वटा जिल्लाहरुलाई स्थानीय सरकारका रुपमा महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी विभाजन गरिएको छ। जिल्लामा रहेको तत्कालीन जिल्ला विकास समितिलाई जिल्ला समन्वय समितिका रुपमा ब्यवस्था गरिएको छ। विकास क्षेत्रहरुलाई खारेज गरी ७ वटा प्रदेश सरकारको स्थापना गरिएको छ। यसरी स्थापना गरिएका प्रदेश सरकार भन्दा माथी संघीय सरकार वा केन्द्रीय सरकार रहेको छ। संविधानले तीनै तहका सरकारको क्षेत्राधिकार, काम कर्तब्यको बारेमा स्पष्ट ब्यवस्था गरेको छ।
यसरी गरिएको पुनःसंरचनाको ७ नम्बर प्रदेश वा सुदूरपश्चिम प्रदेशमा रहेको डडेल्धुरा जिल्लालाई ७ वटा स्थानीय तहमा विभाजन गरिएको छ। जहाँ दुई वटा नगरपालिका (अमरगढी र परशुराम) मा र पाँच वटा गाउँपालिका (गन्यापधुरा, नवदुर्गा, अजयमेरु, भागेश्वर र आलिताल) मा विभाजन गरिएको छ। यसरी ब्यवस्था गरिएको गाउँपालिका, नगरपालिकाहरुलाई जनताहरुको चाहनाका आधारमा अथवा महत्त्वका आधारमा स्थानीय तहमै योजना तर्जुमा गरी कार्यान्वयन गर्ने र स्थानीय स्रोत साधनहरुको बढी भन्दा बढी प्रयोग गरी विकासको लक्ष्यमा पुग्ने विश्वास लिइएको छ।

## गन्यापधुरा गाउँपालिकाको परिचयः

सुदूरपश्चिम प्रदेश अन्तरगत डडेल्धुरा जिल्लामा पर्ने ७ वटा स्थानीय तह मध्ये गन्यापधुरा गाउँपालिका एक महत्त्वपूर्ण गाउँपालिका हो। यो गाउँपालिकाको नामाकरण डडेल्धुरा जिल्लाको प्राचीन समयमा पश्यगर्खा क्षेत्रमा पर्ने सबै हिन्दुहरुको धार्मिक एवम् सांस्कृतिक आस्थाको धरोहरका रुपमा रहेको शिखर (गन्याप) देवताको नामबाट गन्यापधुरा नामाकरण गरिएको हो। 'गन्याप' यहाँका हिन्दुहरुको आस्थाको धरोहरका रुपमा रहेको देवताको नाम हो भने शिखर उच्च पहाडी भेग जसलाई स्थानीय जनबोलीमा "धुरा" भन्ने गरिन्छ। "धुरा" शब्द अग्लो पहाडी भेग जहाँ अत्यन्तै जाडो हुने गर्दछ, त्यस्तो भु–भागलाई भन्ने गरिन्छ। यसरी यस गाउँपालिकाको नाम गन्याप र धुरा मिली गन्यापधुरा बाट बिभुषित हुन गएको हो। यो गाउँपालिका प्रकृति, सभ्यता र संस्कृति को संगम को अर्को नाम पनि हो। डडेल्धुरा जिल्लामा रहेको साविक असिग्राम गाउँ विकास समिति, गणेशपुर गाउँ विकास समिति, मष्टामाण्डौं गाउँ विकास समिति र कैलपालमाण्डौं गाउँ विकास समिति गरी जम्मा ४ वटा गाउँ विकास समिति सम्मिलित गरी यो गाउँपालिका बनेको छ। यस गाउँपालिकाको जम्मा जनसङ्ख्या १८३९३ र यसको क्षेत्रफल १३५.६५ वर्ग किलोमीटर रहेको छ। साविक असिग्राम गाविसका १ देखि ९ वडा, गणेशपुर गाविसका १ देखि ९ वडा, मष्टामाण्डौं गाविसका १ देखि ९ वडा र कैलपालमाण्डौं गाविसका ५ देखि ९ वडा र १ देखि ४ नम्बर लाई भौगोलिक अवस्था, जनसङ्ख्याको आधारमा समाहित गरी ५ ओटा वडामा विभाजन गरी गाउँपालिकाको स्थापना भएको छ।
गाउँपालिका स्थापना गर्दा यहाँको जातिय, भाषिक, धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, सडक, सञ्जालको पहुँच, एकीकृत भू – बनोटलाई आधार मान्दै प्राकृतिक श्रोत, संस्थागत पूर्वाधार, आ. ब.२०७२/०७३ को आन्तरिक आय- व्यय र जिल्लास्थित क्रियाशील राजनैतिक दलहरुको सर्वसम्मत निर्णय समेतलाई आधार लिई स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिको मितिः २०७३।०७।२० को निर्णय अनुसार गन्यापधुरा गाउँपालिका प्रस्ताव भई स्वीकृत भएको हो। जस अनुसार यसको केन्द्र गाउँपालिकाको मध्ये भागमा रहेको साविक गणेशपुर गाविसको बडालमा रहेको छ। जहाँ हिन्दुहरुको आस्थाको धरोहर लाटा गन्याप देवताको मन्दिर अवस्थित छ।

यस गाउँपालिकाको सिमाना पूर्वमा डोटी जिल्लाको शिखर नगरपालिका, पश्चिममा डडेल्धुराको अमरगढी नगरपालीका र आलिताल गाउँपालिका, उत्तरमा डडेल्धुरा जिल्लाको नवदुर्गा गाउँपालिका र दक्षिणमा आलिताल गाउँपालिका र डोटी जिल्लाको जोरायल गाउँपालिका रहेको छ। यो गाउँपालिका २९ डिग्री २१ मिनेट उत्तरी अक्षाँश देखि २९ डिग्री ४२ मिनेट उत्तरी अक्षाँश र ८० डिग्री ६५ मिनेट पूर्वि देशान्तर देखि ८० डिग्री ७८ मिनेट पूर्वि देशान्तरमा अवस्थित रहेको छ।

गन्यापधुरा गाउँपालिकालाई पून:संरचना अनुसार ५ वटा वडाका रुपमा विभाजन गर्न साविकको असिग्राम गाविसलाई १ नम्बर, गणेशपुर गाविसलाई २ नम्बर, मष्टामाण्डौं गाविसलाई ३ नम्बर वडा तथा कैलपालमाण्डौं गाविसको ५ देखि ९ वडालाई ४ नम्बर र १ वडा देखि ४ नम्बरलाई ५ वडामा विभाजन गरिएको छ।

यस गाउँपालिकाको जम्मा जनसङ्ख्या १८३९३ रहेको छ। जसमा महिलाको जनसङ्ख्या ८९०४ र पुरुषको जनसङ्ख्या ९४८९ रहेको छ। विभिन्न जातजातिहरुको बसोबास रहेको यस गाउँपालिकामा क्षेत्री, ब्राह्मण, दलित, जनजातिहरुको बसोबास रहेको छ। जातजातिहरु जनसङ्ख्या जातिगत हिसाबले सबै भन्दा बढी क्षेत्रीको जनसङ्ख्या ५१.४४ प्रतिशत रहेको छ, दोस्रोमा ब्राह्मणको जनसङ्ख्या २४.५९ प्रतिशत, दलितको जनसङ्ख्या २१.३७ प्रतिशत, जनजातिको जनसङ्ख्या १.७६ प्रतिशत तथा अन्य जातिहरुको जनसङ्ख्या ०.८४ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा विभिन्न धर्मावलम्बीहरुको बसोबास रहेको छ। जस मध्ये हिन्दूहरुको बाहुल्यता रहेको छ। धर्मको हिसाबले हिन्दु धर्म मान्नेहरुको जम्मा जनसङ्ख्या ९९.१६ प्रतिशत र अन्य धर्मावलम्बीहरुको जनसङ्ख्या ०.८४ प्रतिशत रहेको छ।

यस गाउँपालिका अन्तरगत २३ वटा सामुदायिक विद्यालयहरु तथा ४ वटा संस्थागत विद्यालयहरु गरी २७ वटा विद्यालयहरु रहेका छन्। पूर्वप्राथमिक विद्यालयहरु विद्यालयमा आधारित २२ वटा र सामुदायिकमा आधारित १० वटा गरी ३२ वटा पूर्वप्राथमिक विद्यालयहरु रहेका छन्। सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन्। पूर्वप्राथमिक शिक्षक ३२ जना, र विद्यालयगत शिक्षकहरु आधारभूत तहमा ११३ जना र माध्यमिक तहमा २९ जना गरी १४२ जना दरबन्दी तथा राहतमा कार्यरत शिक्षकहरु रहेका छन्।

# स्थानीय पाठ्यक्रमको परिचयः

## पृष्ठभूमिः

स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार बिषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । प्राथमिक शिक्षा पाठ्यक्रममा, पाठ्क्रम विकास केन्द्रले स्थानीय आवश्यकता अनुसार बालबालिकाहरुले ज्ञान प्राप्त गर्न सक्ने वातावरण तयार हुन् सकोस भन्ने लक्ष्य सहित आधारभूत तहको सामाजिक अध्ययन, सृजनात्मक कला तथा शारीरिक शिक्षा बिषयमा २० प्रतिशत अङ्कभार बराबरको बिषयवस्तु राखेर अध्ययन गराउने लक्ष्य लिएको प्रावधान रहेको छ । केन्द्रीय पाठ्यक्रमले ठाउँ विशेषका विविध बिषयमा शिक्षा प्रदान गरि दक्षता विकास गर्नु नै स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य तथा सिकाइ उपलब्धि रहेको छ । यस पाठ्यक्रमले स्थानीय परिवेशका बिषयवस्तुको ज्ञान र त्यसको संरक्षण गर्ने सीप अभिबृद्धि गर्नमा बालबालिकालाई प्रोत्साहन गर्न सक्ने अपेक्षा राख्दछ । स्थानीय तहको पाठ्यक्रम प्रत्येक विद्यालयले आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, स्वास्थ्य जीवन शिक्षा र सुरक्षा जस्ता विविध पक्षमा स्थानीय अभिभावक, सरोकारवाला, शिक्षक तथा विद्यार्थी सबैको सहभागितामा निर्माण भई गन्यापधुरा गाउँपालिकाका शिक्षाविद सहित गाउँ शिक्षा समितिबाट स्थानीय अनुमोदन र स्वीकृत भई यस पाठ्यक्रमलाई गन्यापधुरा गाउँपालिका अन्तरगतका विद्यालयमा कार्यान्वयनका लागि निर्माण गरिएको हो ।

स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न बुद्धिजीवी, शिक्षक, स्रोतब्यक्तिलाई कक्षाकोठामा ल्याई अन्तरक्रिया गराउन सकिन्छ । स्थानीय ब्यक्तिसँग भेट, अन्तरक्रिया, स्थलगत भ्रमण, पुरातात्विक, भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, कृषि ब्यवसायमा संलग्न ब्यक्तिसँग गई साक्षात्कार कार्य गर्न सकिने छ । समुदायमा बिषयवस्तुसँग ज्ञान, सीप वा व्यवसाय गरी रहेकासँग विद्यालयमा आमन्त्रण गरी छलफल,प्रश्नोत्तर गरी विद्यार्थीलाई सिकाउन सकिन्छ ।

## शिक्षाका राष्ट्रिय उद्देश्यः

शिक्षाका राष्ट्रिय उद्देश्यहरु यस प्रकार ब्यवस्था गरिएका छन्:-

१. प्रत्येक ब्यक्तिको अन्तरनिहित प्रतिभा र ब्यक्तित्व विकासका सम्भावनालाई प्रस्फूटित गर्न सहयोग गर्ने ।

२. प्रत्येक ब्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरुको संवर्द्धन गरी जीवन्त अनुभवहरु समेटदै स्वास्थ्य सामाजिक तथा सामुदायिक जीवन अनुभवहरु समेटदै स्वास्थ्य, सामाजिक तथा सामुहिक जीवन पद्धति विकास गर्न चरित्रवान एवम् नैतिकवान नागरिक तयार गर्ने ।

३. स्थानीय, राष्ट्रिय स्तरका ब्यावसाय, पेशा एवम् रोजगारी साथै आवश्यकता अनुसार अन्तराष्ट्रिय रोजगारी तर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने ।

४. ब्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक क्षमतालाई सुदृढ बनाउने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सहयोग गर्न सहयोग गर्ने ।

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने ।

८. स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश अनुकुल शान्तिमैत्री, सदभाव, सहिष्णुता र विश्वबन्धुत्वको भावना विकास गरी तदनुरुपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द ब्यवस्थापनका लागि समक्ष नागरिक तयार गर्ने ।
९. आधुनिक सूचना प्रवाहसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।
१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकार प्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका स्वाभिमानी ब्यक्ति तथा अरुलाई सम्मान गर्ने र आफु नेपाली भएकोमा गर्व गर्ने नागरिक तयार गर्ने ।
११. नेपाली कला, सौन्दर्य, आदर्श तथा बैशिष्टहरुको संरक्षण संवर्धन तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।
१२. प्राकृतिक एवम् दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने ।

## स्थानीय पाठ्यक्रमको उद्देश्य तथा सिकाइ उपलब्धिः

यस स्थानीय पाठ्यक्रमको उद्देश्य तथा सिकाइ उपलब्धि निम्न अनुसार रहेको छः-

१. स्थानीय तहमा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्रोतको ज्ञान तथा महत्त्वपूर्ण जानकारी लिन ।
२. स्थानीय रुपमा रहेका बाजा, लोक संस्कृति, नृत्य आदिको पहिचान गर्न ।
३. स्थानीय स्तरमा रहेका साना घरेलु उद्योग तथा ब्यावसायको ज्ञान प्रदान गरी सामान्य सीप तथा क्षमताको अभिबृद्धि गराउने ।
४. विपद पूर्व तयारी र जोखिम न्यूनीकरणका उपायहरु बारे सचेत गराउने ।
५. ब्यक्तिगत तथा वातावरणीय सरसफाई तथा पोषण युक्त खानाको उपयुक्त रुपमा प्रयोग सीप विकास गराउने ।
६. स्थानीय स्तरमा रहेका ख्याति प्राप्त ब्यक्तिको पहिचान गर्ने ।
७. स्थानीय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी विभिन्न रङ बनाउन सक्ने क्षमताको विकास गराउने ।
८. स्थानीय खेलहरुको पहिचान गरी, नियमबद्ध रुपमा खेल्ने सीपको विकास गर्ने र गराउने ।

## पाठ्यक्रममा स्थानीय अङ्शः

पाठ्यक्रम स्थानीय अङ्श अन्तरगत सामाजिक अध्ययन, सिर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षा बिषयको २० प्रतिशत पाठ्यभार र पूर्णाङ्कहरुको पाठ्यक्रम र पाठ्य सामग्री सम्बन्धित पक्षले निर्माण एवम् कार्यान्वयन गर्नुपर्ने छ । जसमा कक्षा १-३ सम्म सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र शारीरिक शिक्षाको बार्षिक पाठ्यभार र पूर्णाङ्क क्रमशः १८ र १०, १६ र १०, १० र ६ रहेको छ । कक्षा ४-५ मा सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र शारीरिक शिक्षाको बार्षिक पाठ्यक्रम र पूर्णाङ्क क्रमशः ३२ र १५, १९ र ५ र १२ र ६ निर्धारण गरिएका छन् । पठनपाठनको समयावधि उक्त शैक्षिकसत्रमा कम्तीमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठनपाठन सञ्चालन हुनेछ । यस अनुसार कक्षा १-३ मा बार्षिक ८१६ घण्टा वा १०८८ पिरियड र कक्षा ४-५ मा ९३६ घण्टा वा १२४८ पिरियड पठनपाठन गराउनु पर्ने हुन्छ । साप्ताहिक रुपमा कक्षा १-३ मा ३४ पाठ्यभार र कक्षा ४-५ मा ३९ पाठ्यभार अनुसार पठनपाठन गर्नुपर्ने हुन्छ । तोकिएको बार्षिक घण्टा नघटने गरी पाठको आवश्यकता अनुसार ४५ मिनेटको समयलाई एक घण्टी मानी कक्षा सञ्चालन गर्नुपर्ने छ ।.

## पाठ्यक्रम तयारी/प्रक्रिया/विधिः

गन्यापधुरा गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरुले प्राथमिक शिक्षा पाठ्यक्रम १-३(२०६३) र कक्षा ४-५ (२०६५) अनुसारको ब्यवस्था बमोजिम आधारभूत तह कक्षा १-५ मा सामाजिक अध्ययन, सिर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक बिषयको २०% पाठ्यभारको पाठ्यक्रम निर्माण गर्न तपसिल अनुसारको प्रक्रिया र विधि अपनाइयो।

- ❖ गन्यापधुरा गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापक तथा गाउँपालिका पदाधिकारी सम्मिलित एक दिने भेला कार्यक्रम मार्फत मस्यौदा समिति, बिषयगत उपसमिति र मूल्याङ्कन समिति गठन गरियो।
- ❖ पाठ्यक्रम निर्माण मस्यौदा समिति एवम् आमन्त्रित बिषयगत उपसमिति सदस्यहरुको उपस्थितिमा आवश्यक बिषयवस्तु छनौट, सङ्कलन, पुनरावलोकनबाट छाटकाट सम्बन्धी गोष्ठी सञ्चालन गरियो।
- ❖ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी मस्यौदा बिषयगत उपसमितिको संयुक्त कार्यशाला सञ्चालन गरियो।
- ❖ कार्यशालाले तयार गरेको पाठ्यक्रम मूल्याङ्कनकर्ता तथा गाउँ शिक्षा समितिको सहभागितामा आधारभूत पृष्ठपोषण सहित प्रस्तुतीकरण गरियो।
- ❖ गाउँपालिकाका अध्यक्ष नवल बहादुर मल्लज्यूको सभाध्यक्षमा, सुदूरपश्चिम प्रदेशका माननीय सदस्य कर्ण बहादुर मल्लज्यूको प्रमुख आतिथ्यमा, अन्य सबै जनप्रतिनिधि, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, हिन्दूमहासंघका सचिव, बुद्धिजीवि, पुजारी, धामी, भण्डारे, शिक्षक, विद्यार्थी तथा जान्यमान्य ब्यक्तिहरुको छलफल, अन्तरक्रिया, सुझाव-सल्लाह सङ्कलन गरी अझै बिषयवस्तुहरु थप गर्ने कुराका आधारमा थप गरी प्रस्तुतीकरण गर्ने गरियो।
- ❖ गाउँ शिक्षा समितिले स्वीकृत गरी २०७६ देखि प्राथमिक तह (कक्षा १-५) मा लागु गर्ने गरियो।

## आवश्यकता र महत्त्वः

गन्यापधुरा गाउँपालिका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक रुपले विविधतता रहेको स्थानीय तहको पाठ्यक्रमको अभावका कारण त्यसको पठन पाठन भई तदनुरुपका ज्ञान पहिचान नहुँदा यसको आवश्यकता महसुस भएको प्रमुख कारण रहेको छ। बालबालिकालाई स्थानीय स्तरका स-साना घरलु उद्योग, बाजा,लोक संस्कृतिले पहिचान गरी वर्तमान समय अनुकुल प्रचार प्रसार गराउनु, ब्यक्तिगत पोषण, स्वास्थ्य सुधारमा सहयोग पुय्राउनु यस शिक्षाको उद्देश्य तथा सिकाइ उपलब्धि हो। स्थानीय परिवेशको पहिचानबाट राष्ट्रिय पहिचान हुन्छ भन्ने मूल अभिप्रायले यस पाठ्यक्रमको महत्त्व देहाय बमोजिम रहेको छ।

१. गन्यापधुरा गाउँपालिका भित्र रहेका प्राकृतिक, धार्मिक स्थलहरुको पहिचान गरी आधारभूत तहको ज्ञान दिने।
२. बालबालिकाले स्थानीय संस्कृति, बाजा र नृत्य मार्फत आफ्नो सृजनात्मक सीप विकास गर्ने।
३. स्थानीय ब्यक्तित्वको जीवनि अध्ययनबाट असल बानी ब्यवहार सुधार गर्न प्रोत्साहित हुन्।
४. स्थानीय स्तरमा रहेका प्राकृतिक सामग्री प्रयोग गरी रङ्ग निर्माण गर्ने सीप विकास गर्नु।
५. बालबालिकाहरुले गन्यापधुरा गाउँपालिका भित्रको घरेलु तथा साना उद्योग प्रत्यक्ष अवलोकन गरी आफ्नो सीप अभिबृद्धि गर्नु।

**स्थानीय पाठ्यक्रम (कक्षा १-५) सामाजिक अध्ययन, सृर्जनात्मक कला र स्वास्थ्य तथा शारीरिक शिक्षाको विस्तृतीकरणको २०% को अङ्श**

स्थानीय अङ्श २० प्रतिशत का लागि बनाइएको पाठ्यक्रम

**सामाजिक अध्ययन (कक्षा-१)**

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु | -स्थानीयस्तरका ताल, मठ मन्दिर र ऐतिहासिक पर्यटकीय स्थलको नाम भन्न। | -स्थानीयस्तरका तालहरु,<br>-स्थानीयस्तरका मठमन्दिरहरु,<br>- पर्यटकीय स्थलहरु | -अवलोकन/भ्रमण<br>-स्थानीय चाडपर्वमा सहभागिता<br>-छलफल/भूमिका/अभिनय | -तिम्रो गाउँ वरपर नजिकमा रहेका कुनै २ मन्दिरको नाम भन ?<br>-तिज मनाउने कुनै २ ओटा चाडपर्वका नाम लेख ?<br>-हाम्रो गाउँपालिकामा रहेको प्रसिद्ध मन्दिरको नाम भन ? | ८ |
| २ | उद्योग ब्यवसाय तथा आर्थिक क्रियाकलाप | -स्थानीयस्तरमा रहेका घरेलु उद्योग, पेशा ब्यवसायको नाम भन्न | -स्थानीयस्तरमा रहेका घरेलु उद्योग<br>-पेशा तथा ब्यवसायहरु | -छलफल,<br>-अध्ययन<br>-अवलोकन/ भ्रमण | -तिम्रो बुबाले के काम गर्नु हुन्छ ?<br>-गाउँमा भएका घरेलु उद्योगहरु के-के हुन् ? | ५ |
| ३ | विपद ब्यवस्थापन | -स्थानीयस्तरमा घट्न सक्ने विपद्का नाम भन्न | -स्थानीयस्तरमा हुन् सक्ने विपद्हरुः असिना, बाढी, पहिरो, चट्याङ, आगलागी आदि। | -छलफल<br>-सामग्री प्रदर्शन | -विपद्का नाम भन्।<br>-विपद् बाट हुन् सक्ने कुनै २ ओटा नोक्सान भन। | ७ |
| ४ | स्वास्थ्य सेवा तथा पोषण | -ब्यक्तिगत सरसफाईका तरिकाहरु भन्न। | -शरीरको सफाई<br>-चर्पीको प्रयोग | -प्रयोग<br>-ब्यवहारमा अभ्यास | -प्रयोगात्मक गराउने | ८ |
| ५ | स्थानीय ब्यक्तित्व | -आफ्नो गाउँ वा नजिकमा भएका महत्त्वपूर्ण ब्यक्तिहरुका | -स्थानीय समाज सेवी<br>-स्थानीय शिक्षा प्रेमी | -छलफल<br>-ब्यक्तिगत रुपमा भेटघाट | -तिम्रो गाउँमा रहेका २ ओटा महत्त्वपूर्ण ब्यक्तिको नाम भन। | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नाम भन। | -स्थानीय साहित्यकार<br>-स्थानीय तहका पदाधिकारी | | | |

सृजनात्मक कला (कक्षा-१)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय गीत, नृत्य र बाजाहरु | -स्थानीयस्तरका गीत गाउने अभ्यास गर्न।<br>-स्थानीय नाचको अभ्यास गर्न<br>-स्थानीयस्तरका बाजाका नाम भन। | -स्थानीयस्तरका गीत<br>-स्थानीयस्तरको लोक नृत्य<br>-स्थानीयस्तरका बाजा | - प्रयोगात्मक अभ्यास<br>- सामग्री प्रदर्शन | - स्थानीयस्तरका २ ओटा बाजाका नाम भन ? | ९ |
| २ | स्थानीय रङ छपाई र बुनाई | -स्थानीय रङबाट आकृति, चित्र रङग्याउन र छाप्न।<br>-स्थानीय रङ बनाउन प्रयोग हुने कच्चा पदार्थको नाम भन्न | -स्थानीय रङ्हरु निर्माण<br>- आकृतिहरु रङग्याउने<br>-स्थानीय रङ्गहरु बनाउन<br>-रङ्ग बनाउन प्रयोग हुने कच्चा पदार्थ | - प्रयोग/ अभ्यास | -रङ्ग बनाउने अभ्यास गराउने | १० |
| ३ | स्थानीय खेलहरु | - शारीरिक शिक्षा<br>-स्थानीय खेलहरु खेल्न | -स्थानीय खेलहरु<br>-स्थानीय खेलहरु<br>-एकखुट्टे<br>-किङकाङ | - प्रयोग/ अभ्यास | - स्थानीय खेल खेलाउने<br>- खेलका नाम भन्न लगाउने | ७ |

सामाजिक अध्ययन (कक्षा-२)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा ऐतिहासिक, | -स्थानीयस्तरका ताल, मठ | -स्थानीयस्तरका तालहरु, | -अवलोकन/भ्रमण | -तिम्रो गाउँमा रहेको मन्दिरको | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धार्मिक तथा पर्यटकीय स्थलहरु | मन्दिर र ऐतिहासिक पर्यटकीय स्थलको नाम भन्न | -स्थानीयस्तरका मठमन्दिरहरु,<br>- पर्यटकीय स्थलहरु | -स्थानीय चाडपर्वमा सहभागिता<br>-छलफल/भूमिका/अभिनय | स्थानको नाम भन ?<br>- तिम्रो गाउँ मनाउने कुनै २ ओटा चाडपर्वका नाम लेख ?<br>- तिम्रो गाउँपालिकामा रहेको प्रसिद्ध मन्दिरको नाम भन ? | |
| २ | उद्योग ब्यवसाय तथा आर्थिक क्रियाकलाप | -स्थानीयस्तरमा रहेका घरेलु उद्योग, पेशा ब्यवसायको नाम भन्न | -स्थानीय घरेलु उद्योग<br>-पेशा तथा ब्यवसायहरु | -छलफल,<br>-अध्ययन<br>-अवलोकन/ भ्रमण | -तिम्रो गाउँका मानिसहरुले के-के काम गर्छन २ वटा काम भन ? | ६ |
| ३ | विपद ब्यवस्थापन | -स्थानीयस्तरमा घट्न सक्ने विपद्का नाम भन्न | -स्थानीयस्तरमा हुन् सक्ने विपद्हरुः असिना, बाढी, पहिरो, चट्याङ, आगलागी आदि। | -छलफल<br>-सामग्री प्रदर्शन | - बाढी बाट के-के नोक्सान हुन्छ ?<br>-पहिरोले के नोक्सान गर्छ ? | ७ |
| ४ | स्वास्थ्य सेवा तथा पोषण | -ब्यक्तिगत सरसफाईका तरिकाहरु भन्न। | -हात, खुट्टा, शरीर, नङ्ग, कपालको सरसफाई<br>-चर्पीको प्रयोग<br>-पोषलो खानेकुरा | - छलफल<br>-अवलोकन<br>-प्रयोगातमक अभ्यास | -प्रयोगात्मक अभ्यास गराउने | ५ |
| ५ | स्थानीय ब्यक्तित्व | -आफ्नो गाउँ वा नजिकमा भएका महत्त्वपूर्ण ब्यक्तिहरुका नाम भन। | -स्थानीय समाज सेवी<br>-स्थानीय कलाकार<br>-स्थानीय साहित्यकार<br>-स्थानीय कृषक वा पेशाकर्मी | -छलफल<br>-ब्यक्तिगत रुपमा भेटघाट, अन्तरक्रिया | - गाउँमा काम गरी नाम कमाएका चिनिएका ब्यक्तिको नाम भन। | ६ |

सृजनात्मक कला (कक्षा-२)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय गीत, नृत्य र बाजाहरु | -स्थानीयस्तरका गीत गाउने अभ्यासमा सहभागी हुन। -स्थानीय नाचको अभ्यास गर्न -स्थानीयस्तरका बाजाका नाम भन। | -स्थानीयस्तरका लोक गीत -स्थानीयस्तरको लोक नृत्य -स्थानीयस्तरका बाजा | - प्रयोगात्मक अभ्यास - श्रब्य-दृश्य सामग्री प्रदर्शन | - स्थानीयस्तरका २ ओटा बाजाका नाम भन ? | ९ |
| २ | स्थानीय रङ छपाई र बुनाई | -स्थानीय रङबाट आकृति, चित्र रङग्याउन र छाप्न। -स्थानीय रङ बनाउन प्रयोग हुने कच्चा पदार्थको नाम भन्न | -स्थानीय रङ्हरु निर्माण - आकृतिहरु रङग्याउने -स्थानीय रङ्गहरु बनाउन -रङ्ग बनाउन प्रयोग हुने कच्चा पदार्थ | - प्रयोग/ अभ्यास | -रङ्ग बनाउने अभ्यास गराउने | १० |
| ३ | स्थानीय खेलहरु | -स्थानीय खेलहरु खेल्न | -स्थानीय खेलहरु -स्थानीय खेलहरु -एकखुट्टे -किङकाङ आदि | - प्रयोग/ अभ्यास | - स्थानीय खेल खेलाउने - खेलका नाम भन्न लगाउने | १२ |

सामाजिक अध्ययन (कक्षा-३)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु | -स्थानीय क्षेत्रमा भएका धार्मिक तथा पर्यटकीय ठाउँको नाम भन्न | -स्थानीयस्तरका तालहरु, -स्थानीयस्तरका मठमन्दिरहरु, - पर्यटकीय स्थलहरु | -अवलोकन/भ्रमण -स्थानीय चाडपर्वमा सहभागिता -छलफल/भूमिका/अभिनय -पर्चा फोटो देखाउने | -तिम्रो गाउँमा रहेको मन्दिरको स्थानको नाम भन ? - तिम्रो गाउँ मनाउने कुनै २ ओटा चाडपर्वका नाम लेख ? - तिम्रो गाउँपालिकामा रहेको प्रसिद्ध मन्दिरको नाम भन ? | ४ |
| २ | उद्योग ब्यवसाय तथा | -स्थानीय कृषि ब्यवसाय गर्ने | - आफ्नो परिवार र छिमेकिको | -छलफल, | -तिम्रो परिवारमा र गाउँका | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक क्रियाकलाप | -स्थानीयस्तरमा सञ्चालित उद्योगको सूची बनाउन | ब्यवसाय र बार्षिक आम्दानी<br>-कृषि पेशा अन्तरगतका ब्यवसायहरु वा उद्योगहरु | -अध्ययन<br>-अवलोकन/ भ्रमण<br>-विभिन्न पेशा ब्यवसायी सँग ब्यक्तिगत भेटघाट | मानिसहरुले गर्ने पेशा र ब्यवसाय भन ?<br>-तिम्रो स्थानीय क्षेत्रमा बन्ने उद्योगको सूची बनाउँ। | |
| ३ | विपद ब्यवस्थापन | -विपद र यस बाट पर्ने असरहरु सूचीकृत गर्ने | -आगलागी र यसबाट बच्ने उपाय<br>-बाढी, पहिरो र यसबाट पर्ने असर पानीमा डुब्नु, बग्नु र बच्ने उपाय | -भिडियो प्रदर्शनी र तस्वीर अवलोकन | - बाढी, पहिरोले के कस्तो असर पुग्राउँछ ?<br>-आगलागी हुन नदिन के के सजगता उपनाउन सकिन्छ ? | ४ |
| ४ | स्वास्थ्य सेवा तथा पोषण | - पोषणयुक्त खानेकुराको नाम भन्न।<br>-स्वास्थ्य रहन गर्ने क्रियाकलाप | -ब्यक्तिगत सरसफाई र यसबाट हुने फाइदाहरु<br>-परिवारको सरसफाईः घर, शौचालय<br>- सन्तुलित भोजन | - सरसफाई गर्ने तरिका अवलोकन<br>-तालिका प्रदर्शन | -ब्यक्तिगत सरसफाईले के फाइदा हुन्छ ?<br>-सन्तुलित भोजन कस्तो भोजनलाई भनिन्छ ? | ४ |
| ५ | स्थानीय ब्यक्तित्व | - गन्यापधुरा गाउँपालिका भित्रका प्रमुख ब्यक्तिहरुको नाम परिचय दिन। | -हाम्रा गाउँपालिका भित्रका महत्त्वपूर्ण ब्यक्तिहरु | -छलफल<br>-ब्यक्तिगत रुपमा भेटघाट, अन्तरक्रिया | - महत्त्वपूर्ण ब्यक्तिको सूची बनाउ। | ३ |

शारीरिक तथा सृजनात्मक कला (कक्षा-३)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | रङ्ग, छपाई, बुनाई कार्य (दृश्य कला) | - वस्तु सुहाउँदो रङ्ग प्रयोग गरी रङ्गग्राउन सक्ने<br>- छपाई कार्य र बुनाई सामग्री | - माटो आकृति निर्माण र रङ्गरोगन<br>- बुनाई कार्य र आवश्यक | - हातले बुनाई गरेको दृश्य अवलोकन<br>-सामग्री निर्माण र | - बुनाई सामग्री के-के हुन् ? | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान | सामग्री | रङ्गरोगन | | |
| २ | स्थानीय गीत, नृत्य र बाजा | -स्थानीय गीत लेख्न र बाजाको नाम लेख्न | - लोकगीत, देउडा गीत, स्थानीय भाका<br>-स्थानीय बाजाः शँख, भोकर, बाँसुरी, दमाउँ आदि | - स्थानीय गीत लेख्ने अभ्यास<br>-बाजासँग परिचय, चित्र निर्माण | - स्थानीय तीज र देउडा भाकाका गीत लेख।<br>-गीत वाचन गर। | ८ |
| ३ | स्थानीय खेलहरु | -स्थानीय खेलका नियमको पालना गरी खेलहरु खेल्न | -स्थानीय खेलहरु<br>-परम्परागत खेल<br>- क्याप्टेन, एकखुट्टे, बाघचाल आदि | - प्रयोगात्मक / अभ्यास | - खेल हेरेर (सीप,शैली)<br>- खेल खेलाई सीप भैली नाच्ने | १० |

सामाजिक अध्ययन (कक्षा-४)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु | - गन्यापधुरा गाउँपालिका भित्रका प्रमुख ऐतिहासिक मन्दिर, पर्यटकीय स्थलको नाम र परिचय दिन | - गन्याउधुरा गाउँपालिकामा भएका मठमन्दिरहरु,<br>- पर्यटकीय स्थलहरु | -अवलोकन/भ्रमण<br>-चित्र, हस्त सामग्री प्रदर्शनी | -गन्यापधुरा गाउँपालिका भित्रका प्रमुख पर्यटकीय स्थलका नाम के-के हुन् ? | ५ |
| २ | उद्योग ब्यवसाय तथा आर्थिक क्रियाकलाप | - गन्यापधुरा गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका उद्योग, अन्य ब्यवसाय को परिचय दिन<br>- मुख्य खेतीको परिचय | - गन्यापधुरा गाउँपालिकामा भएका उद्योगको निर्माणको परिचय(अल्लो प्रशोधन, डोको, टोकरी, मान्द्रो, मुढा मुख्य खेती, बाख्रा पालन आदि ) | -छलफल,<br>-अध्ययन<br>-अवलोकन/ भ्रमण<br>-विभिन्न पेशा ब्यवसायी सँग ब्यक्तिगत भेटघाट, प्रदर्शन | -गन्यापधुरा गाउँपालिकामा कुन उत्पादन मुख्य रुपमा हुन्छ ?<br>-तिम्रो स्थानीय क्षेत्रमा मुख्य उद्योगको सूची बनाउँ। | ८ |
| ३ | विपद ब्यवस्थापन | -विपद ब्यवस्थापनका उपायहरु सूचीबद्ध गर्न | -आगलागी, बाढी, पहिरो, चट्याङ्ग | - छलफल सामग्री (श्रब्य-दृश्य) प्रदर्शनी समूह कार्यबाट सूची तयार गर्न लगाउने | - बाढी, पहिरो बाट बच्न गर्नुपर्ने कुनै २ वटा कार्यहरु के-के हुन् ?<br>- आगलागी बाट बच्न के-के गर्नु पर्दछ ? कुनै २ वटा उपायहरु के-के हुन् ? | ६ |
| ४ | स्वास्थ्य सेवा तथा पोषण | - ब्यक्तिगत सरसफाईको परिचय दिन।<br>- विद्यालयको वातावरणीय सरसफाईको परिचय दिन | - ब्यक्तिगत सरसफाई- अनुहारको हेरचाह, कानको हेरचाह, दाँतको हेरचाह, कपालको हेरचाह<br>- विद्यालयको कक्षाकोठाको, आँगन र चर्पीको सरसफाईको परिचय<br>-वातावरणीय सरसफाईको परिचय | - छलफलको माध्यमबाट प्रत्येक विद्यार्थीको सरसफाई साथीद्वारा नै जाँच्न लगाउने<br>-सम्बन्धित क्षेत्रको अवलोकन गराई छलफल गराउने | - दाँत किन सफा राख्नु पर्छ ?<br>- विद्यालयको सरसफाई गर्नुपर्ने कुनै २ कार्यहरु के-के हुन् ?<br>- वातावरणीय सरसफाई भनेको के हो ? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | - पोषिला खानेकुरा | | | |
| ५ | स्थानीय र राष्ट्रिय ब्यक्तित्व | - गन्यापधुरा गाउँपालिका क्षेत्रका महत्त्वपूर्ण ब्यक्तिहरुको परिचय दिन सक्ने । | - भीमदत्त पन्त<br>- अन्य स्थानीय ब्यक्तिहरु | -छलफल<br>- तस्वीर प्रदर्शनी<br>-योगदान | - भीमदत्त पन्त कुन ठाउँका र कहिले जन्मेका थिए ?<br>-भीमदत्त पन्तले के.के काम गरेका थिए ? | ६ |

सृजनात्मक कला (कक्षा-४)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय गीत, नृत्य र बाजाहरु | - हाउभाउसहित स्थानीयस्तरका गीत गाउने , अभ्यास गर्ने र वाचन गर्ने<br>- स्थानीय बाजा बजाउने अभ्यास गर्ने | - स्थानीय गीत, देउडा, तीज<br>-स्थानीय नाचः देउडा<br>बाजाः मादल, भोकर, बाँसुरी, दमाउँ आदि | - श्रब्य-दृश्य सामग्रीबाट अभ्यास गराउने<br>-जात्रा-मेलाको स्थलगत भ्रमणको अवलोकन गराउने | - मेला / चाडपर्वको महत्त्व के-के हो ?<br>- मेला कसरी गर्ने गरिन्छ ? | ९ |
| २ | स्थानीय रङ्ग, छपाई र बनाई | -स्थानीयस्तरमा पाइने कच्चा पदार्थबाट रङ्ग निर्माण गर्न<br>-प्राकृतिक रङ्गबाट आकृति बनाउने अभ्यास गर्ने | - स्थानीयस्तरमा रङ्ग बनाउन प्रयोग हुने कच्चा पदार्थ संकलन पिठायो बनाउने विधि ।<br>-रङ्ग निर्माण र आकृतिमा प्राकृतिक रङ्ग भर्ने कार्य | -विभिन्न स्थानीय कच्चा पदार्थबाट रङ्ग निर्माण गर्न लगाउने ।<br>-विभिन्न आकृति भित्र रङ्ग भर्ने लगाउने । | - विभिन्न वस्तुको आकृति बनाई रङ्ग भर्ने<br>- डोरी बुन्न लगाउने | १० |

शारीरिक शिक्षा (कक्षा-४)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय खेलहरु | - नियमको पालना गरी स्थानीय खेल, खेल्ने ।<br>- स्थानीइ खेल खेल्नका फाइदा ब्याख्या गर्न | - क्याप्टेन खेल<br>, एकखुट्टे खेल, बाघचाल आदि | - प्रयोगात्मक विधिबाट खेल खेलाउने र खेल्न लगाउने<br>-खेलका नियमहरुको सूची बनाउन लगाउने<br>-खेलको महत्त्वको छलफल गरी सूची निर्माण गर्न लगाउने | - क्याप्टन खेलका कुनै २ नियम लेख ।<br>- किडकाड खेलबाट हुने कुनै २ वटा फाइदा भन । | १२ |

सामाजिक अध्ययन (कक्षा-५)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु | - गन्यापधुरा गाउँपालिका भित्रका प्रमुख ऐतिहासिक मठ मन्दिरको धार्मिक महत्त्वको चर्चा गर्न<br>- प्रमुख पर्यटकीय स्थलको नाम भन्न। | - गन्याउधुरा गाउँपालिकामा भएका मठमन्दिरहरु,<br>- पर्यटकीय स्थलहरु | -अवलोकन/भ्रमण<br>-चित्र, हस्त सामग्री प्रदर्शनी<br>-विशिष्ट ब्यक्तिसँग अन्तरक्रिया<br>-छलफल | -भ्रमण गराई परिचय दिन लगाउने<br>-महत्त्व लेख्न लगाउने। | ८ |
| २ | उद्योग ब्यवसाय तथा आर्थिक क्रियाकलाप | - कृषि ब्यवसाय र सम्बन्धित उद्योगको अवस्था बताउने।<br>- स्थानीयस्तरमा कृषि, उद्योग, ब्यवसायले पारेको आर्थिक प्रभाव भन्न र सूचीकृत गर्ने | - कृषि ब्यवसायः तरकारी, च्याउँ, फलफूल, कुखुरापालन, बाख्रा पालन तथा पशुपालन<br>-स्थानीय क्षेत्रमा संचालित उद्योग तथा आर्थिक क्रियाकलाप (अल्लो प्रशोधन, डोको, टोकरी, मान्द्रो, मुढा, मुख्य खेती, आदि ) | -छलफल,<br>-अध्ययन<br>-अवलोकन/ भ्रमण<br>-विभिन्न पेशा ब्यवसायी सँग ब्यक्तिगत भेटघाट, प्रदर्शन | - स्थानीय क्षेत्रमा उत्पादन हुने प्रमुख कृषि उपजको सूची बनाउने<br>-घरेलु उद्योगको महत्त्व र आर्थिक फाइदाको विवेचना गर्ने।<br>-स्थानीय उद्योगबाट उत्पादित सामग्रोको नाम भन। | ६ |
| ३ | विपद ब्यवस्थापन | -विपदको पूर्व तयारी र जोखिम न्यूनीकरणका उपाय अपनाउन | -आगलागी, बाढी, पहिरो<br>-खोलामा बग्नु, डुब्नु<br>- भूईँचालो, चट्याङ्ग आदि | - अवलोकन / भ्रमण<br>- घटनाको चर्चा तथा छलफल र सतर्कता अपनाउने अभ्यास | - स्थानीय क्षेत्रमा आइपरेका विपद्हरु सम्झना गरी लेखाउने।<br>-वपद् बाट जोगिने केही उपायहरु सूचीकृत गर। | ७ |
| ४ | स्वास्थ्य सेवा तथा पोषण | - ब्यक्तिगत सरसफाईमा ध्यान दिने<br>- वातावरणीय र विद्यालय क्षेत्र सरसफाई गर्ने र प्रभाव भन्न सक्ने। | - ब्यक्तिगत सरसफाई र यसका फाइदा<br>- विद्यालय र वातावरणीय सरसफाई र यसका फाइदाहरु तथा असर<br>- पोषण जोगाउने तरिका (खाद्यान्न) | - छलफल<br>- अवलोकन<br>- सरसफाई अभियान | - ब्यक्तिगत सरसफाईका के-के फाइदा हुन्छन् ?<br>- पोषणयुक्त खानेकुरा तयार पर्दा अपनाउने सावधानी लेख। | ५ |
| ५ | स्थानीय र राष्टिय ब्यक्तित्व | - गन्यापधुरा गाउँपालिकाका प्रमुख ब्यक्तिहरुको नाम र तिनका काम भन।<br>- राष्ट्रभक्त शहिद भीमदत्त पन्तको परिचय दिन। | - भीमदत्त पन्त<br>- अन्य स्थानीय ब्यक्तिहरु | -छलफल<br>- कृतिखोज र छलफल<br>- जीवनी ब्याख्या | - गन्यापधुरा गाउँपालिकाका प्रमुख ब्यक्तित्वको सूची बनाउ।<br>-भीमदत्त पन्तको योगदान के थियो ? | ६ |

शारीरिक शिक्षा तथा सृजनात्मक कला (कक्षा-५)

| क्र.सं. | क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय गीत, नृत्य र बाजाहरु | - हाउभाउसहित स्थानीयस्तरका गीत गाउन र स्थानीय बाजा बजाउन | - स्थानीय गीतः देउडा, तीज, गौरा, शुभ कार्यमा फाग<br>-स्थानीय नाचः देउडा, गौरा<br>बाजाः मादल, भोकर, बाँसुरी, दमाउँ, ढोलक आदि | - विभिन्न चाडपर्वमा सहभागी<br>- अवलोकन /भ्रमण<br>- उत्सव र परम्परागत पूजा, जाँत आदिमा बजाउने बाजा प्रदर्शन गराउने | - स्थानीय देउडा भाकामा गाउने<br>-हाउभाउ गरेर नाच्ने र गाउने<br>-स्थानीय बाजाको चित्र बनाउने | ९ |
| २ | स्थानीय रङ्ग, छपाई र बनाई | -स्थानीय वस्तु प्रयोग गरी रङ्ग निर्माण गर्ने<br>-विभिन्न आकृति सुहाउँदो रङ्ग भर्ने<br>-आकृति छापने | - स्थानीयस्तरमा पाइने कच्चा पदार्थको संकलन रङ्ग निर्माण।<br>-चित्र निर्माण, छपाई तथा रङ्गाई<br>-धागो,चोया, परालबाट रुमाल, चकटी आदि निर्माण | -विभिन्न स्थानीय कच्चा पदार्थबाट रङ्ग निर्माण गर्न लगाउने।<br>-विभिन्न आकृति भित्र रङ्ग भर्ने लगाउने। | - विभिन्न वस्तुको आकृति बनाई रङ्ग भर्ने<br>- चित्र निर्माण गरि रङ्ग्याउने | १० |
| ३ | स्थानीय खेलहरु | -स्थानीय खेल स्थानीय नियम अनुसार खेल्न र खेलाउन | -स्थानीय खेलः क्याप्टन, एकखुट्टे, चुङ्गी, बाघ चाल आदि | -स्थानीय र अन्य खेल खेलाउने अभ्यास<br>-बाघ चाल खेलाउने | -स्थानीय खेलको आवश्यकता भन।<br>-बाघचाल खेलखेल्दा मूल्याङ्कन गर्ने। | १२ |

## अनुसूची-१

## शिक्षण सिकाइ क्रियाकलापमा सहयोगका लागि केही सन्दर्भ सामग्री

**पृष्ठभूमिः**

यस खण्डमा स्थानीय पाठ्यक्रममा आधारित सिकाइ उपलब्धि अनुसार बिषयवस्तु र क्रम अनुसार उपलब्ध सन्दर्भ सामग्रीहरुको उदाहरण शिक्षण गर्न सहयोग पुग्ने अभिप्रायले राखिएको छ । कक्षागत बिषयवस्तुसँग सम्बन्धित रहेर शिक्षण सिकाइ प्रक्रियामा सहयोग हुने छ । यी सामग्रीहरुले शिक्षण सिकाइलाई पूर्णता दिन्छन् भन्ने छैन, तर बिषयगत शिक्षकहरुलाई आफ्नो खोजी गरी थप क्रियाकलाप र बिषयवस्तुको बारेमा आफ्नो सेवा क्षेत्रमा भएका बिषयसँग सम्बन्धित बिषयमा खोज-सोध गरी जानकारी प्राप्त गरी अध्ययन अध्यापन गर्न सकिने छ । विद्यार्थीहरुलाई प्रत्यक्ष अवलोकन तथा भ्रमण गराई बिषयवस्तुको अवधारणा विकास गरी सिकाउन सकिने छ । खोजमूलक कार्य, अभ्यास, सृजनात्मक लेखन जस्ता विभिन्न क्रियाकलाप गराउन स्थानीय अनुभव तथा सामग्री संकलन गर्न, गराउनमा स्थानीय बुद्धिजीवि, पुरोहित, पूजारी, धामी, भणारी, कृषक, यसै गरी अन्य जानकार ब्यक्ति तथा संघसंस्थाहरुसँगको समन्वयमा बिषयवस्तुलाई प्रभावकारिताका साथ शिक्षण सिकाइ गर्नमा महत्त्वपूर्ण भूमिका रहने छ ।

### श्री घण्टेश्वर देवताको मन्दिर (ऐतिहासिक पृष्ठभूमि)

परिचयः यो मन्दिर गन्यापधुरा गाउँपालिकाको वडा नं. १, आलिताल गाउँपालिकाको वडा नं. १ डडेल्धुरा जिल्ला र जोरायल गाउँपालिकाको वडा नं. १ डोटो जिल्लाको संगम स्थल महाभारत (हगुल्टे) लेकमा अवस्थित रहेको छ ।



पूर्व- महाभारत लेक (धुरा)

पश्चिम - भिमदत्त पन्त राजमार्ग करिब १५ किलोमीटर टाँडा आलितालगाउँपालिका ।

उत्तर- गन्यापधुरा गाउँपालिका अन्तरगत पर्ने रुवाखोला ।

दक्षिण – जोरायल गाउँपालिका वडा नं.१ अन्तरगतको गैराबजार करिब ५ किलोमीटरको दुरीमा ।

महत्व/ विशेषताः- प्राकृतिक सुन्दरताले भरिपूर्ण महाभारत (हगुल्टे) लेकमा अवस्थित ।

- विभिन्न किसिमका लेकाली वनस्पति ।
- ३ वटा गाउँपालिकाका भिन्न भेग र सुदूरपश्चिम प्रदेशकै प्रख्यात देवताको रुपमा चिनिएको ।
- विभिन्न स्थानबाट देवताहरुको देउरो आई भाद्र कृष्ण अष्टमीका दिन पूजा लाग्ने ।

### श्री असिग्राम बाबा देवता (ऐतिहासिक पृष्ठभूमि):-

परिचयः डडेल्धुरा जिल्लाको सदरमुकामबाट करीब अठार किलोमीटर पूर्वमा रहेको गन्यापधुरा गाउँपालिकाको वडा नं.१ अन्तरगत मटेला सेटीगाउँ, मत्कट्टे र भेउलाना गाउँको मध्य भागमा रहेको पातल भन्न्या रमणीय ठाउँमा असिग्राम बाबाको मन्दिर छ । यस ठाउँमा रहेका शक्ति पिठ मध्ये असिग्राम देवता अति शक्तिशाली माणिन्छन् । यस क्षेत्रका साथसाथै छिमेकि वडाहरुका र जिल्लाका पनि आस्थाका धरोहर मानिएका छन् । यस क्षेत्रका बासिन्दाहरुको बसोबास

संगै असिग्राम बाबापनि यस क्षेत्रमी बस्याकी कुरडी सुन्न पाइएको छ । पुरानो समय बटाहै परम्परागत रुपबाट विभिन्न समुदायका मान्सहरुको संलग्नतामा तिथि अनुसार पूजा आजा गर्न्या र जाँत पनि मनाउन्या चलन रहि आएको छ । असिग्राम बाबाको परापूर्वकाल देखि आफनाई किसिमको महत्व रहि आयाको पाइन्छ। यस वडाका आस्थावान मानिसहरु असिग्राम बाबा लाई खुब मान्ना छन् । यी असिग्रामबाबाले असिग्राम भरिका सबै जातजाती गाउँवास्थिलाई एकैसुत्रमा बाधेका छन् । यी बाबाको मेला तथा पूजाका बेला अर्का ठाउँमा बसाइ सरेका अथवा नौकरीको



सिलसिलामा अन्त गएका मान्छेहरु पनि सबै यहाँ आइवर भिटघाट अद्दा र रमाइलो अद्दा पनि महत्वको बिषय हो । यस बाबाका मेलाकादिन छिमेकी गाउँपालिका भक्तजन लै याँ आउन्या गर्द छन् । पुरानो पैरन बोलि चालि रिती रिवाज संस्कार र कामको बाँडफाँड र बाजागाजाले पनि यसलाई जीवन्त बनाया छ ।

समाजमी बस्दै आयाका मानिसहरुमा भाइचाराको भावनाले पनि थप मजबुत बनाउँदै आएको छ । सामाजिक मूल्य मान्यतालाई पनि कायमै राखेको पाइन्छ । यो चाल चलन लिखित कानून विना नै आस्थाको भरमा पौराणिककाल देखि नै परम्परागत शैलीमा चल्लोइ आयाको छ । यस मन्दिरमी बर्षको चारवर पूजा अद्ये चलन परम्परा वटाहै आयाको छ । यसको पूजा गरन्या तिथिहरु भदौ शुक्ल पक्ष चतुर दशिमा भदौ जाँत, असोज शुक्ल पक्ष अष्टमी तिथिमा अष्टमी पूजा, कार्तिक शुक्ल पक्षको चतुर दशि तिथि कार्तिक जाँत गरिन्छ भने चैत्र शुक्ल पक्षको अष्टमी तिथिमा अष्टमी पूज्या चलन रहि आयाको छ । पूजाका लागि परम्परागत चलन अनुसार यस रुवाखोलाका जर्मना, तिखातर, डुम्राखोली, मतकट्टे, मटेला, सेटीगाउँ बाट पोखलका रुपमी चामल, जौ, तिल, घीउ, धुप आदि पूजा सामान घर घरबटाहै मागिवर ल्याउन्या चलन रहि आयाको छ । उक्त सामान मागेर ल्याउने जोशीना गाउँका जोशी परिवारले गर्द छन् । यस असिग्राम बाबाका सम्पूर्ण देउराका सामान जोशीना गाउँको देउघरमा राअने अरिन्छ । असिग्राम बाबाको पूजा तथा जाँत हुने दिनमी यिसै देउघर बटाहै देउरो जान्छ । यस असिग्राम बाबाका पनि भौतै कारिवारी छन् , जस्तैः देवताको डालो बोकन्या काम जोशी परिवार गर्छन् । यसै गरिकन डोला बोक्ने काममा दियाल, भट्ट र गाँज समाउने भोक्कर बजाउने काममा महता , दमाउ बजाउने ढोली जाति छन् भन्या जत्यारुलाई आगो ताप्न दाउरा ल्याउन्या काम पार्कीहरु अद्दा छन् । यी असिग्राम बाबाका पूजारी भण्डारी बाहुन छन् । यसको देउरो संरक्षण तथा देवताका भाँडाकुँडा आदिको ब्यवस्थापन गर्ने ब्यक्तिदाई भणारी भन्दछन् । यसको खटन पटन मिलाउने जिम्मा यहाँका देउवा जातिको रहेको छ । यस खसिग्राम देवताको मुख्य द्वारपालको रुपमा कैलपाल र निर्पाल देवतालाई मानदै आयाको छ । असिग्राम बाबाको मन्दिर नजिकै मणिलेक देवताको मन्दिर रहेको छ । यस मन्दिरमा पनि असिग्राम पूजियाका दिन नै पूजा गर्दछन् । यस क्षेत्रमा भौतै शक्ति पीठ देवताहरुका देवालयहरु रहेकाछन् । जुन यस प्रकार छनः मटेलामा निलपाल,मसानी, इङणे, गन्याप, सेटीगाउँमा निलपाल र मणिलेक, भेउलानामा भागेश्वर,कैलपाल, जर्मनामा कैलपाल, निलपाल, घटाल, मन्थडी, वेताल, घण्टेश्वर त्यसै गरी डुम्राखोलीमा अर्डले, डुणे, अङले, तिखातरमा मणिलेक, घण्टेश्वर, पिलन्दे, भुमदेउली, मतकट्टेमा मणिलेक, कैलपाल, समैजी, निमोन्या, वाठपाल, भगवती, लाटो, सिलिङी खोलामा पासो, मणिलेक, बगते बथ्थिमा दौपाल, भैरवनाथ र लगतडामा सिद्धनाथ बाबा रहेका छन् । यसरी यस क्षेत्रमा भएका देवताको भक्ती, सृद्धाको भावना सबै जातिमा सधैं देखी चली आइको छ । सबैमा आस्थाको धैरै महत्त्व रहेको छ ।

**श्री शिखर देवता र गन्यापधुरा (धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक पृष्ठभूमि):-**



परिचयः  गन्यापधुरा गाउँपालिकाको दक्षिण तिर रहेको सबै भन्ना उच्चो धुरालाई शिखर भन्ना छन् यो शिखर भन्ने ठाउँ अतिनै रमणीय छ। यहाँ धैरै-धैरै रुख वनजंगलहरु छन्। यहाँ ठूला-ठूला खर्सु र बाँजका रुख छन्।  यो शिखरमा ठूला-ठूला पखानै पखान छन्। चारैतिरबाट यी पखानले घेरको बीचमो ठाउँमा गन्याप देवताको माणिउँ छ। यस शिखरका वल्तिर पल्तिर पानीका खोलाहरु छन्। यसको पूर्वतिरको खोलालाई मुस्या पानी र, पश्चिमतिरका खोलालाई गण्या पानी भण्डा छन्। यसका तल्तिर पनि पानीको खोला छ। यसलाई गोठपाणको खोलो भण्डाछन्। यो रवानदी र कोराल खोलाको मुहान पनि हो। यहाँ गन्याप देवता बस्याका कारण बाटाहै यो ठाउँ अति पवित्र मानिएको छ।

यस शिखरको पूर्वतिर कैलपालमाण्डौं को रेल देखि जैसेरा सम्मका गाउँहरु पर्छन, पश्चिमतिर असिग्राम रुवाखोलाका गाउँ पर्छन, उत्तरतिर कैलपालमाण्डौंकै रुमायल – कुलेडीका गाउँ पर्छन, भने दक्षिणतिर गन्यापताल छ।

परापुर्व काल देखिनै यस शिखर भन्ने ठाउँको ठूलो महत्त्व छ। यहाँ यस पश्याकै सबै भण्डा ठूला देवता बसेका छन् जसको उत्पत्ति रुमायलको देउझाल भन्ने ठाउँमा भएको थियो। भाद्रशुक्ल पक्ष गणेश चतुरदशिका दिन गन्याप देवता पुजिन्या भया हुनाले त्यो दिन–रात शिखरमा ठूलो मेला लाग्दछ। यो जाँतमा डोटीका बानडुङ्ग्रा देखि डडेल्धुराका तिखातर रुवाखोला सम्मका मान्छेहरु आउँछन् र अन्य टाढा-टाढाका ठाउँ देखि पनि यो जाँतमा तिर्थालुहरु आउना छन्। यस जाँतमा बानडुङ्ग्रा, थप्सा, रेल, जैसेरा, मालीगाउँ, बडाल, रुवाखोला देखि देउरा आउँछन् तर मुख्य देउरा भने रुमायल र रेलबाट आउँछन्। यहाँ त्यो रात भरि देवताकी जाँत हुन्छे, रातभरि खेल डेउडा जसा मनोरन्जन दिने कार्यक्रम पनि हुन्छन्। बिहानै गन्याप देवताको बयाल पनि हुन्छे यो एक ऐतिहासिक जाँत हो। यो जाँतमा तिर्थालु आएर वर माग्ने गर्छन्। गन्याप देवताको पर्वमा निन्नो चोखो भइवर जाँतमी आयो र आफुलाई चाहिएको कुरा (वर) मागेमा त्यो पुरा पनि हुन्छ भन्ने विश्वास पनि रहि आएको छ।

यस शिखर भन्या ठाउँमा गन्याप देवताको माणु तामाका पत्रले छाइएको छ, माणु भित्र नौवटा हारी भएको गन्यापको विणी छ र विणीकै माथी गन्यापको गाथ भएको यस ठाउँको मुख्य विशेषता हो। यसै माणुका चारैतिर ठुला पखान छन् जुन पखानमा गन्याप मार्नका लागि खपग्रा भन्या देवताले हानेको ठूलो ढुङ्गो त्यहि रोकिएको छ, यसलाई खपग्राको गोलो भन्ना छन्। यो सधै त्वाप्प त्वाप्प चुह्याको चुहेइ हुन्छ। यो माणिउकै पूर्वतिरको पखानमा शिखरमा गन्याप बसन्या बेलामा हिटेको सर्पको छाप राम्रोसँग धेकिन्छ, यो पनि यस ठाउँको ठूलो विशेषता हो। यो ठाउँ धैरै भिरालो जमीनले बनेको छ। यहाँ जाँतको दिन त्यही भिरालो ठाउँमा मान्छेहरु बस्छन् , कोही कोही त सिनाहन पनि तर पनि त्यस्तो भिरालोमा अहिले सम्म बस्दा सुन्दा वा हिडदा कोही लोटेको कुरा अहिले सम्म थाहा छैन्। जाँतको दिन त्यस ठाउँमा

मान्छेहरु केहि न विछ्याइ बस्छन् तर पनि कसैको कपडामा माटो लाग्दैन। यो पनि यस ठाउँको एउटा विशेषता हो। यस्तै अरु पनि यसका विशेषताहरु धेरै छन्। यो शिखर एउटा रमणीय ऐतिहासिक, धार्मिक पवित्र भूमी मानिएको छ।

**गन्यापको उत्पत्ति र इतिहासः**

भौतै बर्ष अगाडी कि कुरडि हो रुमायल गाउँको पश्चिम तिर चुरणि गाउँ भन्ने ठाउँमा फुलाभाट नाम गरेका ब्राह्मण बसन्थ्या तिन फुलाभाट कि एक बामहुनी र एक चेली मात्तरै थिइन। तसै चुरणि गाउँका थोकाइ पल्तिर ठूलै जंगल थ्यो तसै जंगलका भितर देवि देवताका मूर्ती भयाका ढुङ्गाले बन्याको पानीको धारो थ्यो। जुन ऐल पनि छनाइ छ। तै ठाउँलाई देउझाड भनेर भन्थे। तिन फुलाभाट सदाई तसै धाराइनी नाउनिधुनी अरिवर जपध्यान गरन्थ्या। माघ श्रीपञ्चमीको दिन थ्यो तै दिनपनि ति ब्राह्मणले नाउनिधुनी गरि आफ्नो जपध्यान गरि सक्या पछि घरमा गए। केही बेर पछि उनकि चेली पानी भर्ना खिलाइ चाँदीको फोलो लै जाइबर गैन उनले पानी भर्न्या बेला सुनको जसो देवताकि जसि अनार (बानो) भयाको सर्प तै फोलाइनो पस्यो। यसो धेकिबर तिन कन्या कुमारी भौतै डराइन र चकित पनि भैन। उनले त्यो फोलो तसोइ छाडिबर घर गैन आफ्नी चेली पानी नलेए फोलो पनि छाडीबर आयाकि हुनाले उनले चेलीलाई सोध्यो, चेलीले पनि त्यहाँ भएको सबै कुरा भणिन। तसो कुरा भणनजेई फुलाभाटले जाडी हाल्यो त्यो उही सर्प होलो जो उनले जपध्यान गर्न्या बेला कैलै कैलै धेकिन्थ्यो र विलाउथ्यो। तै पछि ति फुलाभाट त्यो धाराका वाहाँ गया। उनले पनि त्यो सबै कुरा धेक्यो र उनले मनमनै भन्यो कि मैले आज सम्म गय्राको जपध्यान सफल भयो। मैले देवता पाया भणिवर उनले त्यस पछि ति ब्राह्मण गणेशजीको ध्यान गर्न लाग्या। ध्यान पछि आँखा खोले र त्यो सर्प त्यो फोलाबटा है छाडीवर पुर्वतिर जान लाग्यो तैका पूर्वतिर लाग्यो जाना जाना त्यो सर्प हालको रुमायलको देउघर भन्ने ठाउँमा एक ओढार मुनि बस्यो। ति फुलाभाट पनि तसै सर्पका पछि पछि लागिवर तसै ठाउँमा पुग्या। सर्प ओढारमा बसेको धेकिवर उनले त्यहाँ सर्पको पूजा गरि घर तिर फर्के अनि भोलीपल्ट पनि ति ब्राह्मण नित्य स्नान गरिवर देवताको पूजा गर्न त्यसै सर्प भयाको ठाउँमा आए। यसो अद्दा अद्दा सदाइ ति ब्राह्मण त्यसै ठाउँमा आउन लाग्या केही दिन पछि ति सर्प त्यहाँ बाट हिट्या, हिट्टा हिट्टा त्यही रुमायलको मल्तिर लेगथला भन्ने ठाउँको बाटो हुदै भौत मल्तिर एक पाँजलो गडामी बास बस्या। त्यहाँ बाट पनि अर्को दिन ति सर्प त्यसै डाङाइ डाङा हिटिवर शिखर भन्या ठाउँमा पुग्या। तै शिखरमि चारैतिर पखानै पखान भयाको सुरक्षित ठाउँ धेकिवर त्यसै ठूला पखानै पखान हिटिवर एक काँठाइनी बस्या। ति सर्प हिट्याको पखानमी आज पनि सर्पको छाप छनाइ छ। जुन अचेल शिखरकि जाँत जान्या मान्छे हेर्न पाउँछन्। यता फुलाभाटले नित्य स्नान गरिवर पूजा गर्नको लागि सर्प भयाको ठाउँमा जाँदा सर्प धेकेइन उनि भौतै निरास भया तर उनि देवता प्राप्त गर्न सक्ने ब्राह्मण भएकाले उनले थाहा पाई हालेकी मेरा देवता यहाँबाट हिटि सक्या भणिवर, अनि ति ब्राह्मण घरमा गए र आफ्नि बाहुनीलाई यो सबै कुरा भने। तै पछि ति दुई जना पनि सर्प गएकै बाटो हिडे र जाँदा जाँदा सर्प बास बसेको ठाउँमा पुगे। त्यसै ठाउँको पल्तिर पानीथ्यो तसै पानीमा नाएर त्यही उनले पूजा पनि गरे त्यसैले आज भोल तै ठाउँलाई पुजन देय भन्ना छन्। पूजा गरि सक्या पछयारी दुयई जना त्यहाँबाट पनि हिडे हिट्टा हिट्टा फुलाभाट ब्राह्मण र बाहुनी शिखरको अलिकति तलतिर पाँजलो गडो छ दुबै जना तसै ठाउँखि बस्या हिट्टा हिट्टा पटाइ पनि भयाकि र भोक पनि लाग्याकि हुनाले दुयई जना तसै ठाउँखि बास बस्या। तबै तै ठाउँलाई अचेल भट्यानी थलो भन्ना छन्। तै ठाउँमा उनले खाना पकाउन लगाएका ढुङगाका डिल्ला आँजइ पनि छनाइ छन्। तै पछि भोलका दिन बिहानै ति भाट ब्राह्मण र बाहुनी दुयई जना शिखर तिर लागे। बिहान उनले हातमुख धुन पानी नपाएकाले शिखरमा पुग्नु भन्ना पैले गणेशजीको ध्यान गर। ध्यान गर्दा गर्दै त्यहाँ पानीको आवाज आयो र उनरो ध्यान खुल्यो। तै पछि उनले तसै पानीखि हात मुख धोइवर शिखर तिर गया। गणेशजीको ध्यान अरिवर निकल्याको पानी हुनाले तै लाई गणेश पानी भनिन्थ्यो। अचेल श

अपभ्रसभै गन्याप पानी भन्ना छन् । शिखरमा पुगेर ति ब्राह्मणले सर्परुपि देवतालाई पखानका काखैना बस्याका धेक्यो र उनको पूजा आजा गऱ्यो । तै पछि यि फुलाभाट ब्राह्मण सधैं भट्यान थलामा बास बस्ने र पूजा गर्न बिहान शिखरमा जान लागे । उनले गणेशको जस्तो मूर्ती र सर्पको जसो शरीर भएका यी देवतालाई गन्या स्याप देवता भन्दा भन्दै स्या अपभ्रसभै हाल यि सर्परुपी गणेश देवतालाई गन्याप देवता भनिन्छ । त्यस पछि यी फुलाभाट ब्राह्मणले श्री पञ्चमीको दिन प्राप्त गरेका देवताको पूजा साउन, पुष र चैत बाहेक अरु प्रत्येक महिनाको शुक्ल पञ्चमीको दिन गर्न लागे । यसो गर्दा गर्दै ती भाट ब्राह्मण र बाहुनी त्यही विलिन भए । फुलाभाट विलिन भए पछि उनका साइलाभाई कुजाभाटले यी गन्याप देवताको पूजा आजा गर्न लागे । उनि रुमायल गाउँमा बस्थे । अनि उनि पनि विते र उनका सन्ततिहरुले ती गन्याप देवता पूज्न लागे । यसो गर्दा गर्दै उनले देवताका रिति रिवाज पनि विभाजन गरे र बर्षको एक दिन गन्याप देवताको जाँत मनाउन लागे । गन्यापको पूजा अथवा जाँत बर्षमा एक दिन माघ महिनाको श्री पञ्चमीको राति मनाउँदा मनाउँदै माघको महिना धेरै चिसो हुने र शिखरमा हिउँ पनि पर्ने भया हुनाले शिखरमा जान नसकिन्या भयो तबै सबै थडीवडी र पन्त पनेरु सबै बसेर भादौ अनन्त चतुर्दशीका दिन जाँत बनाउन्या र देवता पूजने गरियो । अचेल सदाई यी गन्याप देवता कि जाँतलाई शिखर कि जाँत भन्ना छन् ।

## गन्यापधुराः

पश्याको सब भन्ना उच्चो गन्यापको धुरो ।
सबैको कल्याण अद्दया गन्यापै छ पुरो ॥
शिखर अर्को छ नाउँ गन्यापको ठाउँ ।
गन्यापधुरा गाउँपालिका धेरै निका गाउँ ॥
तिखातर गडमोरा सम्म गन्यापकै ठाउँ ।
तबै रयो गन्यापधुरा गाउँपालिका नाउँ ॥
पूर्वमा रेलको डाडो पश्चिम डडेल्धुरा ।
उत्तरमा कोराल खोला दक्षिण शिखरधुरा ॥
असिग्राम एक नम्बर वडा रोखलाका गाउँ ।
दुइ नम्बर गणेशपुर बडालको ठाउँ ॥
तीन नम्बर मष्टामाण्डौं चार पाँच कैलपाल ।
पाँच वडाको गाउँपालिका यो नयाँ सञ्जाल ॥
ठकुरी, बाहुन, क्षेत्री, वैस्य, अन्य जाती ।
सबै मिल बस्याका छन् गन्यापधुरा माथि ॥
जाती भौतै भया पनि एउटै भाषा भेष ।
गन्यापधुरा गाउँपालिका नेपाल हाम्रो देश ॥

## हाम्रा गाउँ :

कति छन् गाउँहरु गन्यापधुरा भित्र ।
दाजु भाई दिदी बहिनी सबै इष्ट मित्र ॥
भत्काँडा रोखला भेटा कति राम्रा ठाउँ ।
बीचैनि रवाल खोलो वारीपारी गाउँ ॥
तिखातर डमराखोली जर्मना फलटाँडी ।
बस्या रै छन् पिता पुर्खा रामडो ठाउमाणि ॥
मटेला मतकट्या चिरा राउनाकोट भेउलाना ।
मिलिजुली बस्याका छन् याँका सबै जाना ॥
अरकट्या मेलमुडा रिठा चम्साल बामनगाउँ ।
गन्यापधुरा गणेशपुरका यिन गाउँका नाउँ ॥
मैलोडा र कोरगाउँका तलतिर रन्तोला ।
यिति निका गाउँका नाउ त नबिर्सनुहोला ॥
सिमलकोट भुवाकोट मालीगाउँ जिमरडा ।
बडालका गाउँ पल्तिर ठूला ठूला गडा ॥
अनारी खोलिका यिथ कुजाकोटको गाउँ ।
सुतारिगाउँ गणेशपुर बडालको ठाउँ ॥
डिल गर्खा रुलाकोट सजना चौरला ।
ठाउँ ठाउँमा बस्याका छन् गन्यापधुरी चेला ॥
कापडी देउवागाउँ ग्वान्नी सकायल स्ल्तडा ।
गुयल खेत बजन्या पारी दाउल्याको बेल्तडा ॥

आटा भ्वा छिपला देउल डाडो गौलीगाउँको । ठूलै छ महत्त्व पनि मष्टामाण्डौं ठाउँको ॥
कुलेडी रुमाइल मेड्डी जैसेराको गाउँ । कैलपाल देवताका नाउले कैलपालमाण्डौं नाउँ ॥
गनेडा कापडीगाउँ सलकोट ओखल वाटा । दाइन भयस कैली पाल रक्षा अरई लाटा ॥
कोराल अम्तोला मोइका माथि पद्यो रेल । छाया गरई गन्यापधुरा बस्या तेरवइ सेल ॥
यिनै हुनु एई पश्याका गाउँका नाउ पुरा । गन्यापधुरा गाउँपालिका जिल्ला डडेल्धुरा ॥

## शिखरकी जाँतः

भदौ असोज शुक्ल पक्ष शिखरकी जाँत । अनन्त चतुर दशि दिउसो हैन रात ॥
शिखर गन्यापै जाँत रातभरि राम हुन्छे । लाग्दि तिथि चतुरदशि पुज्जाकि फाम हुन्छे ॥
पडेवाका दिन वटाहै निम्ति लाउन्या ढोली । जतिराम शिखर हुन्छे अन्तारी नै होली ॥
भदौ असौजका मैना नै जाडो नै घाम । सबै हेद्द्या परभातक गन्यापकी राम ॥
रुमाइल रेलहै जान्या गन्यापकी डोली । यिसि राम त नेपाल भरि काँइ पनि नै होली ॥
जेठो देउरो रुमाइलको वा पछा रेलको । केइ राम डेउडाकव हुन्छ केइ राम खेलको ॥
थप्सा बन्डोराहै आउन्या भूमदेउलीको दल । रातभरि देवताका कुरा हुन्छ छल फल ॥
रुमाइलका देउरा सित क्या रामडी छात । रातभरि धमेउल हुन्छे शिखरको जाँत ॥
जैसेराको खेल लागन्छ देउरो पुगन्तक । आजभोल सित पड्ड लागि रुख सुकन्तक ॥
पश्या भरिका देवताहै गन्यापैछ बडो । अलिधेरै करालो छ डेउडा खेलल्या गडो ॥
मालीगाउँ बडाल बटा देउरा सित जोलो । त्वाप्प त्वाप्प चुया चुयस खपप्याको गोलो ॥
शिखरकी जाँत कित सबै फाम पडन्छे । मालीले टिप्याकी पाती गन्याप चड्न्छे ॥
रुमाइल भणारी हुन्या पूजारी रेलका । धेरै मिठा लय छन् गन्यापका खेलका ॥
जैसेराहै जोलो जान्या देउरोहो लाटाको । अलि दुखः बस्साकि हुन्छ केइ दुखः छ बाटाको ॥
आफ्नो रिती आफ्नो रिवाज कोइ पनि छोड्डाइन । बाटो केई चिफलो हुन्छ हुना कोई लोट्टाइन ॥
धुपबत्ति बल्याकीबली गन्यापका गाथ । कती उवा कती उना शिखरकी जाँत ॥
गड्मोरा बन्डोरा देखि वाको तिखातर । धामी सबै उफड्डाछन् छात नचाइ बर ॥
सबै रन्या उपासना गन्यापका लागि । यिसि जाँत त काँ हुनिहो जन भणभाकी ॥
टाढा है तिर्थालु आउन्या वर माग्दा खिलाई । हे गन्याप यिसा खेल कसेरीब मिलाई ॥
तेरा सबै रीत भाँत यितना पश्या भरि । धन्या शिला यो रचना कसेरीब अरी ॥
रात भरि देवताका खेल छ विसीका खाला । धन्य गन्यापका गाथ पूलै पूल कि माला ॥
बाटा पनि ठौर ठौर धुप बत्ति बल्याका । यिति निको परम्परा कब हुन चल्याका ॥
धन्य शिखरका धुरा ठन्न ठन्न पानी । पर्भात गन्यापको दर्शन बिसुनको बानी ॥
रात भरि देवताका फाग नारी सबै गाउन्या । जैलेजे वर माग्या पनि सबै कुरा पाउन्या ॥
ढोलीले ठोकाउनि हान्या निम्ति पनि लायन्या । यिन महा पुरसको दर्शन सबै काँहै पाउन्या ॥
धामीले घाई खेल्या बेला हुन्छे पख पख । कसि हुन्छे झिलि मिलि वाता वल्कन्तक ॥
कामन्छ सिमको लाटो अघाडी लागन्छ । सबै वाट देवताले धुप बत्ति मागन्छ ॥
रात भरि उजालो हुन्छ उदाया बेलको । माणौखि ओराड मुनी खेल लागद्या रेलको ॥

ढुङ्गामी बस्याका देउवा लठ्ठी टेकाइ बर। गन्यापको सेवा अद्दया तरवार धेकाइ बर॥
बामन बस्याका बसेई कोइ पाठ अराउन्या। यिसो हाम्रो परम्परा क्याकिहो हराउन्या॥
भणारी गडुवा दिन्या भूमदेउलीका हात। पर्भात बयाल हुन्छे धमेउल हुन्छ रात॥
दिन भरिका भोक्याभोकेई देवता पूजी खानु। यिसि शिखरको जाँत क्याकिलाई न जानु॥

## श्री नङरी ताल

**उत्पति :** नङरै नारायण देवता विशेष शक्ति लिला भगवान विष्णु नारायण जल,ताल, तलाउ भित्र प्रवेश गरेको विषेशता छ। पैराणिक मानसखण्ड मनु स्मृतिमा पनि उल्लेख गरेको पाइन्छ। वेद वेदांसमा पनि छ। जलमा विष्णु थलमा विष्णु सारा संसार रुपि नारायण धर्म संरक्षणका लागि कोहि तपस्या गर्ने ऋषि मुनीहरुले सालिग्राम देवता पुज्दा उत्पत्ति भएको भनाई पनि छ।



यहि साविक गणेशपुर , गन्यापधुरा गाउँपालिकाको वडा न २ कोरगाउँ को वनक्षेत्र भूगोल नङरीताल भन्ने ठाउँमा यहाँ को धर्म संरक्षणार्थ उत्पत्ति भएको कुरा यथार्थ सुन्न पाईन्छ।

**धार्मिक पर्व:** यहाँको विशेषतः यो नङरै देवताको १२-१२ बर्षमा पुजा गरिन्छ भने लाटा नङरै देवता चाड पर्व कार्तिक शुक्ल षष्ठी छट पर्वका लिन हरेक वर्ष आजा पुजा गर्ने चलन छ। यहाँ पुजा गर्न आउने साविक गणेशपुर, कोरगाउँ ,मैलोडा, सुतारीगाउँ, मालिगाउँ बाट देउरो ल्याउनुका साथै आजा पुजाँका सामाग्रीलाई विभिन्न किसिममा साँस्कृतिक कार्यक्रम गरि मनाईन्छ।



**बिशेषता:** यो जातँमा उपास, तिर्थ ,ब्रत गरी जाने मानिसलाई धन सन्तान रोग ब्याधा जुन सुकै समस्या समाधान हुने कुरा पंश्चात विश्वास गरि आएको छ। यो नङरी देवताको परिसरमा प्रवेश गर्दा ७ दिन (एकहप्ता)अगाडी देखी साकाहारी भोजन गरेर मात्र जाने प्रचलन छ। आफुलाई दुःख कष्ट र कुनै समस्याको समाधानको लागि माग गर्दा तपस्या गर्दा गोप्यरुपमा नङरी देवताको परिसरमा निष्टकष्ट का साथ बसेर माग राखेमा माग अनुसार समस्या समाधान हुन्छ भन्ने प्रचलन छ र आम जनमानसमा विश्वास पनि रहि आएको छ।

गणेश गन्याप देवता माथि महाभारत शिखरमा बास स्थान रहेको छ। भने नारायण नङरै देवता तल जलासय तलाउमा बास स्थान रहेको छ। भगवान गणेश नारायण को लिला दृश्य बडो ऐतिहासिक रोचकता छ।

## बडालै जाँतः

कार्तिक शुक्लपक्ष दशमीकि रात। रात भरि रतेडी हुन्छे बडालकि जाँत॥
कै लै जाँत कार्तिक हुन्छे मंसिर हुन्छे कैलै। म त तै बडालै जाँत निसि जाउकि ऐलै॥
पुजिन्छ सिमको लाटो ब्यान्नलका बेला। ठूली तिथि एकादशी बडालको मेला॥
रतेडी रातभरि हुन्छे दिउँसेडी दिन्तक। दाइन दमाउ बोल्या बोलेई देवता पुजिन्तक॥
माली गाउँका भणारहै देउरो आउन्या रात। देवताको चिनोमानो ल्याउन्या हात हात॥
बाह्र बजे देउरो पुग्दया बडालका थला। कसेरी रचना अग्रा यिति निको कला॥
ढोलीसित देवताका दमाउ देउरासित छात। धन्यहो सिमका लाटा धन्य तेरा गाथ॥
कसैका आलम हात कसैका भोक्कर। डोलिउनि फूलकि माला फूलैका टोक्कर॥
जोइशी आउन्या जिमरडाहै माली गाउँहै माली। राउल आउन्या देउवा आउन्या ल्वार आउन्या बडाली॥
बडाल लाटाको देउरो छापरामि आउन्या। बडाल थलामि देउरो सबै दर्शन पाउन्या॥
ढोलीले ठोकाउनि हान्या छात रिटायन्या माली। दोरिया उजालो अद्दया झुराराँको बाली॥



हड्म्मि फूलन्छ काणो दमाउ बजाइ बर। माणुखि पुगन्छ देउरो चौलौ मचाइ बर॥
रन्तोला कोरगाउँका मान्छया मैलोडाका बाटा। दाइन भेइ पश्याका धनी हे सिमका लाटा॥
रुमाइल लाटाको देउरो ढोली सित दमाउ। के बेचु बडालै जाँत कति पैसा कमाउ॥
रुमाइलका देउरा सित आउन्या बाला बुडा। दगडो बादेर आउन्या हात हात मुणा॥
रोखलाका देउवा सित आउन्या थडीबडी। रातभरि चौलाकि राम हुन्छे घडी घडी॥
कन्तकै देउवाको चौलौ रुमाइलाको कन्जेई। चौलौ खेललाई बाहर हुन्छे रात उन्जेइ उन्जेई॥

राम्रोछ बडालको थलो अन्तारिका ठाउँहै। भूमदेयलीको देउरो आउन्या रात सुतारि गाउँहै ।।
चम्साल बमनगाउँ रिठा आउन्या अरकट्याहै। ए हाम्रा सिमका लाटा पश्याको मट्याहै ।।
रातभरि आयाका आई यस बडालै जाँत। डोली हो सिमका लाटाइ गन्यापकि छात ।।
बडाल डेउडाको पनि ठूलै खेल लागन्छ। पकौडा समौसा जल्फि रातभरि पाकन्छ ।।
कति आउन्या बनेडोरवहै मोइ थप्सा रेलहै। छाड्यात मनैन लाग्दो डेउडाका खेलहै ।।
कोइ भन्या डेउडाका खेल खाली खुट्टा टिल्ल्या। अनारी खोलीको हुन्या वातो कस्या निल्ल्या ।।
देवताको भलाउलो खेल्ल्या उजालो हुन्तक। साँकघाट बोल्याका बोलेइ देवता पुजन्तक ।।
दमाउ बोल्ल्या भोकर बोल्ल्या देवता पुज्ज्या बेला। पूजारी जिमराडी जोशी बाहुनका चेला ।।
बडाल घाम पड्ड्या बेला  ओलबुङाको चौलो। तरवारले शरणि खेल्ल्या गडो कति पौलो ।।
कैलपालमाण्डौं मष्टामाण्डौं सबै जाँत आउन्या। बडालै जाँतको चौलो खेल्लको नपाउन्या ।।
बाटा बाटा झिलिमिली मान्स आया आएई। सुन्तला मौसमी केला मिठाइ खाया खाएई ।।
सामान बेच्च्या ब्यापारिकि हुन्छे सेपासेप। दोपरी बडालै जाँत मान्सै चेपा चेप ।।
दोपरी बडालै जाँत चौलाकी राम हुन्छ। रात जाडि भया पनि दिनमित घाम हुन्छ ।।
कति मान्स चौलो खेल्ल्या कोइ छात घुमाउन्या। धन्य बडालकि जाँत दिनभरि रमाउन्या ।।
गन्याप औतार हुन्या बेलुकुलाका बेला। हल्दो मिल्ल्या आदो मिल्ल्या बडालका मेला ।।
गन्यापलाइ कानी लाउन्या भूमदेउलीको धामी। बडाल जाँत तं यिसि हो कि यस पश्याकि नामी ।।
कतित बडालै जाँत सुदाई फेय्रा फेरई। बयाल हुन्छे गन्यापकि सबै हेय्रा हेरई ।।
बयाल सकिया पछि सकिगै राम पनि। मान्स सबै घर गया ओछाइयो घाम पनि ।।

**लाटा गन्याप कलारी जाँतः**

**उत्पत्तिः** यो कलारी जाँत श्री लाटा गन्याप कलारी देवताको नामबाट पुजा गर्ने र श्री गन्याप, कलारी देवताको अति सम्बन्ध भाईबन्ध रहेको ले श्री गन्याप देवता अनुरोध गरी कलारी देवता र गन्याप त्यही उत्पत्ति भएको किम्बदन्ती सुन्न पाईन्छ।

**धार्मिक पर्वः** यो कलारीजाँत कार्तिक शुक्ल अष्टमिका दिन विभिन्न ठाउँ गणेशपुरका चम्साल, मालीगाउँबाट देउरो ल्याई शिख पोखल उठाई गाजा बाजाका साथ पुजा गर्ने चलन रही आएको छ।

**विशेषताः** यो कलारी जाँतमा आउने तिर्थालुलाई आफ्नो ईच्छा आकाँक्षा अनुसारको फल प्राप्त हुने र खुशी साथ योग्य रहने भनाई छ साथै यहाँको विशेषता गन्याप देवताको नामले चौलो पुराना हात हतियार भाला गुर्जा खुकुरी तरवार जस्ता विभिन्न सामग्रीबाट चौलो खेलिन्छ  भने छौत जस्तो विशेष देवताको चिनारी यहाँको प्रख्यात दृश्य अति रमणीय छ।

**भुवनेश्वरी माताको मन्दिर कोरगाउँ र चम्सालः**

**अवस्थितिः** गन्यापधुरा गाउँपालिका वडा नम्बर २ अन्तरगत कोरगाउँको मध्यभागको मनोरम स्थल चोरा भन्ने ठाउँमा महामाया भुवनेश्वरी माताको मन्दिर स्थापना गरिएको छ।

**धार्मिक महत्त्वः** भुवनेश्वरी माताको पुजापाठ गर्दा जीवनमा आइपर्ने समस्याका साथै भुतप्रेतको समेत डर नहुने विश्वास जनमानमा रहन गएको छ। साथै भुवनेश्वरी माताको मन्दिरको उत्तर पूर्वतिर एउटा कालिकाको स्थापना गरिएको छ र उक्त ठाउँलाई चौसठ्ठी भवानीको एउटा रुप मानिन गएको छ। जस्को फलस्वरुप भुवनेश्वरी माताको मन्दिरमा पुजापाठ गरी कालिकारुप धारण तथा स्थापना गरिएको ठाउँमा बोका र राङ्गाको

बली पुजा गर्दा, भुवनेश्वरी खुशी भई मनले चिताएको कामना पूर्ण गराई दिने धार्मिक जन विश्वास रहन गएको छ।



**पुजा विधिः** यो मन्दिरमा असोज शुक्लपक्षमा पुजापाठ गरिन्छ र पुजापाठ गर्दा, गराउँदा एक छाक खाई ब्राहमण द्वारा पाठ गराउने प्रचलन छ, तर यो मन्दिरमा पुजापाठ गर्ने कुनै खास पुजारी तोकिएका छैनन्, पुजारी नतोकिएका भए पनि, भण्डारी र रोस्मारा ज्वरा पाठ गराइने प्रचलन रहन गएको छ।

**बलि पुजा विधिः** यो मन्दिरमा बडा दशै र नयाँ बर्षको दिन भाकल पुरा गर्न तथा शान्ति सुरक्षा कायम गर्न राङ्गा र बोकाको बलि दिने चलन छ। गाउँमा शान्ति कायम गर्न नयाँ बर्षको पहिलो दिन रखेवारीको रुपमा सार्वजनिक राङ्गाको बलि गरिन्छ र यसलाई पञ्चायती राङ्गो भनिन्छ। यसलाई गाउँको चारैतिर घुमाई ठकुरी (मल्ल) बाट बलि गराइने प्रचलन रहन गएको छ। उक्त दिन टाढा टाढाबाट आएका राङ्गा, बोकाको समेत बलि पुजा गरिन्छ।

**भुवनेश्वरी चौसठ्ठी देवताको उत्पत्तिः** गन्यापधुरा गाउँपालिका वडा नम्बर २ चम्साल भन्ने गाउँमा यो भुवनेश्वरी चौसठ्ठी माता अवस्थित छन्। आजभन्दा करिब १००० बर्ष पहिले डोटीको पचनाली धुरीकोट भन्ने ठाउँबाट बसाइ-सराइ गरी पश्चे चम्सालमा आई बस्ती भई साथै डोकामा भुवनेश्वरी भन्ने भवानी देवता आएको पिता पूर्खाले भनेको पाइन्छ। यहाँ पूर्वमा चम्साल, पश्चिममा कलारी देवता र वामनगाउँ, उत्तरमा अरकट्टे भन्ने ठाउँ र दक्षिणमा रिठा चार गाउँको बीचमा बसी यहाँ दशै-बिशौमा पुजा लाग्दछ र साथै राङ्गा- बोकाको बलि पर्ने प्रथा चलि आएको छ। यस देवताका भण्डारी धम्साल र पुजारी वामनगाउँमा छन्। यहाँ यस देवतालाई जसले सुद्ध मनले सोच्ने गर्दछ अर्थात भाकल गर्दछ यसको मनोकामना पुरा हुने गर्दछ भन्ने जन विश्वास रहेको छ। यस क्षेत्र, डडेल्धुरा जिल्ला बाहेक अन्य जिल्लाबाट पनि मनोकामना पुरा भएपछि विश्वासका आधारमा मन प्रसन्न भई राङ्गा, बोका बलिको लागि मानिसहरु आई बलि दिने गर्दछन्। पहिले दिउँसोमा गन्याप कलारी लाटा देवता पुजिन्छ र त्यहीबाट राङ्गा ओल्की चम्साल दूलगडा भन्ने भवानी थानमा पुजा गरी राति १२ बजेमा बलि पर्ने प्रथा रहेको छ। यी देवीको जनमानसमा असाध्य आध्यात्मिक शक्तिको रुपमा विश्वास लिइएको छ। सबैमा देवी प्रति सर्दाको भावना रहेको छ। देवीले सबैको रक्षा गरेको छ भन्ने विश्वास रहेको छ।

**श्री मष्टामाण्डौं देवता (ऐतिहासिक पृष्ठभूमि)**

परिचयः नेपाल भूमी देवी देवताहरुको बासस्थान मानिन्छ। हाम्रा धार्मिक दर्शन, शास्त्रहरुमा विभिन्न देवी देवताहरुले तपस्या गरी सिद्धी प्राप्त गरेका वर्णन पूराणहरुमा पाइन्छ। राजा जनक, भगवान बुद्ध, भगवती सीताको जन्मभूमि र आराध्य देव पशुपति नाथको बास स्थान रहेको तपोभूमिमा अरु कतिपय शक्तिपिठहरुको गाथा वर्णन गरिएको छ। हिन्दू दर्शन अनुसार तेत्तीसकोटी देवताहरु रहेका र तिनको आ-आफ्नो स्थानमा विराजमान रहेका जन विश्वास रहेको छ। हाम्रो संस्कृतीका धरोहरका रुपमा रहेका हाम्रा मठ मन्दिर शक्तिपिठहरुको उचित संरक्षण गर्नु आवश्यक रहेको छ। दैवी शक्तिका कारणले मानिसका कतिपय शारीरिक तथा मानसिक रोगहरु पनि निको हुने गरेका छन्। आजका पुस्ताहरुले आफ्नो संस्कृति प्रति श्रद्दा भाव नराखो, पश्चेमेली संस्कृतिको आगमन हुँदै गएकोले हाम्रो संस्कृतिहरुलाई जीवन्त राख्नु जरुरी छ। संस्कृति हराउँदा संस्कार हरारउँछ, संस्कार हराउँदा देशैको नै पहिचान गुम्न जाने हुँदा यूवा पुस्ताहरुलाई समेत आफ्नो संस्कृति प्रति आस्था जगाउन आवश्यक देखिएको छ। देवी देवताहरुको पुजा गर्ने क्रममा होम गर्दा वातावरण नै

राम्रो हुने। समयमा पानी पर्ने, दुषित वातावरणबाट हुने महामारीलाई रोक्न सकिने बालबालिकाको मानस पटलमा समेत आफ्नो संस्कृति प्रति अटल आस्था रहने भएकाले हाम्रा स्थानीय पर्वहरु, धार्मिक स्थलहरुको समेत संरक्षणमा स्थानीय सरकारले ध्यान दिनु जरुरी रहेको छ। हाम्रो संस्कृति हराउँदा हाम्रो पहिचान नै हराउँने हुँदा यसको संरक्षण तथा सम्बर्द्धन गर्न अपरिहार्य रहेको छ।

डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका वडा नम्बर ३ मष्टास्थानमा रहेको मष्टादेवता यस वडाको प्रमुख धार्मिक स्थल हो। मष्टा देवतालाई वैजनाथ शिवजीको रुप मानिन्छ। यसको दर्शन गर्नाले मनले चितायको कूरा पुरा हुन्छ, भन्ने धार्मिक मान्यता रहि आएको छ। यो धार्मिक स्थल गौलीगाउँ, चोरेला, धामीगाउँ, कापडी र गन्यापधुरा-४ कुलेडी र रुमायलको बीचमा सकायल कैलपालमाण्डौं सडकको छेउमा रहेको छ। प्राचिन किमेवदन्ती अनुसार मष्टा देवतालाई वैजनाथ शिवजीको रुपमा मानिन्छ र यस देवताको दर्शन गर्नाले दुःख कष्ट दुर हुने र मनोकामना पुरा हुने भएकोले यसको पुजनीमा ठूलो मेला लाग्छ जसमा- गौलीगाउँ, धामीगाउँ, चोरेला, रुलाकोट, कापडी, डिल र गन्यापधुरा-४ कुलेडी र रुमायलका साथै टाढा टाढाबाट भक्तजनहरु उपस्थित भई यस देवताको दर्शन गरी एक आपसमा भेटघाट र रमाइलो गर्छन। यसको पुजनीमा राति स्थानीय देउडा खेल, देवी देवताका चैत- धुमारी हुने गर्छन् भने दिउँसो चौलो हुने, स्थानीय तहमा उत्पादित वस्तुको खरिद विक्री गर्ने थुप्रै विक्रेता र व्यापारीहरु हुन्छन्। यसले नयाँ पुस्तालाई धार्मिक आस्थाका साथै चरित्र र नैतिकवान बनाउनमा महत्त्वपूर्ण देन मानिन्छ। मष्टा देवता मलासबाट आएको किम्बदन्ती छ। गयाबाट देवी देवताहरु भारत भूमि हुँदै नेपालका विभिन्न ठाउँहरुमा आ-आफ्नो स्थान रोजी आफुन्नो दैवीशक्तिप्रदर्शन गरेका वर्णनहरु पाइन्छ। मष्टा देवता मलासमा छँदा वैजनाथ नामले प्रख्यात थिए। भागेश्वर संगै सबै देवी देवताहरु आएका र आफ्नो बस्न लायकको भूमीरोजी त्यही आफ्नो स्थान बनाएका थिए। उग्रताराले डडेल्धुराको देहीमाण्डौ स्थान रोजीन। मालीकाले अछाम भूमी रोजीन। घण्टेश्वरले घण्टेश्वर धुरा रोजे। सुदूरपश्चिम क्षेत्र देवी देवताहरुको बास स्थान तपो भूमी रुपले चिनिन्छ। मलास बस्ने क्रममा एक दिन वैजनाथ देवतालाई दुर्गासँग विवाह गर्ने विचार आयो। उनि मलासबाट डडेल्धुरा तर्फ लागे। चिल्फीमा नवदुर्गा, गन्यापधुराको मोईमा दुर्गाको स्थान रहेको छ। दुर्गासँगै विवाह गर्न आएको कुरा भुमीदेउली देवताले थाहा पाएछन्। बाटामा उनको वैजनाथ (मष्टा) देवतासँग भेट भयो। वार्तालापको क्रममा दुर्गासँग विवाहको कुरा कानी पूर्वनै भुमीदेउलीले मष्टासँग मीतेरी लगाए। दुबै मित्रको भलाकुसारी गर्दा आफू दुर्गासँग विवाह गर्न आएको कुरा मष्टाले बताए। अब मष्टा मलास नजाने भए। उनको बास स्थान गन्यापधुराको मष्टामाण्डौ (गौलीगाउँ र धामीगाउँ नजिक) रहेको छ। मष्टा देवताले मष्टामाण्डौंमा आफ्नो स्थान बनाएपछि उनले धेरै जग्गा गुठी बनाएका थिए। जहाँ ३२ मुरी बिउ लाग्ने जग्गा उनले रोजे। आफ्नो ध्वजा गाडि १३ औं शताब्दीतिर सामन्ती राणाहरुले मष्टा देवताको गुठी अतिक्रमण गरे। त्यसको रक्षा देउवा (जेठो राठी) ले गरेका थिए भन्ने किम्बदन्ती छ। आफ्नो शक्ती प्रदर्शन गरेकाले मष्टा देवताको जग्गा कसैले अतिक्रमण गर्न सकेनन्। फलस्वरुप डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिकाको सकायल देखी धामीगाउँ सम्म मष्टा देवताको गुठीको जग्गा रहेको थियो। हाल त्यो जग्गा रैकर भूमीमा परिणत भएको छ। किम्वदन्ती अनुसार ठाकुरको शासन कालमा मष्टा देवताको धामीलाई



लङ्गडो घोडामा चढी जग्गा रोज्न लगाइयो सो धामीले सकायल दार्तबाट सेलतडा, सजना, रुलाकोट हुँदै चोरेला, ग्वान्नी, गजेग्रौला, गौलीगाउँ, धामीगाउँका फाँटहरु रोजेका थिए। जहाँ जहाँ घोडा रोकिएको थियो, त्यस ठाउँमा मष्टा देवताका स्थानहरु कायम गरिए। मूल स्थान मष्टामाण्डौंमा रहेको र अरु मष्टा देवलका स्थान सकायल दार्त, लोड देउ सजना, रुलाकोट, ग्वान्नी, चोरेला गाउँमा समेत रहेका छन्। पुजा अर्चना मष्टा देवताको पुजा अर्चना चौथि, तिथिमा गरिन्छ, नवमी, प्रतिपदाको तिथिमा समेत मष्टाको पुजा अर्चना गरिन्छ। मष्टा देवतालाई कूल देवताका रुपमा बिष्ट (तल्लोगाउँ) धामीहरु मान्ने गर्दछन्। अपार दैवी शक्तिका कारणले गर्दा मष्टा देवता शक्तिमान रहेका छन्। अहिले मष्टा देवताको धामी छैनन्। समैजी देवता र मलहरीया देवताको धामीले भाग वैजेली गर्दछ। प्रत्येक बर्ष कार्तिक शुक्ल चौथिमा मष्टा देवता पुजीन्छ। कार्तिक शुक्ल पञ्चमीमा जाँत मनाइन्छ। आश्विन शुक्ल नवमीमा समेत मष्टा देवताको पुजा गरिन्छ। आश्विन शुक्ल दशैंका दिनमा समैजी देवताका धामीले सबैलाई जमरा पहिराई दिन्छन्। ठाकुर (सामन्ती) राजाबाट आफ्नो गुठी भूमी सुरक्षित राख्न मद्दत गरेकाले दशैंमा पहिलो टिका जमरा जेठो राठी देउवालाई पहिराउँछ। अनि सबैलाई पालैपालो टिका लगाई दिने चलन छ। मष्टा देवताको मन्दिरमा तिथि बाहेक अन्य दिनमा समेत सत्यनारायणको पूजा गरिन्छ। मष्टा देवताकै नामबाट गन्यापधुरा वार्ड नम्बर ३ (साविक मष्टामाण्डौं) को नामाकरणमष्टामाण्डै रहन गएको हो। मष्टा देवताको पूण्य तिथि प्रतिपदा, नवमी, चौथि, पञ्चमी तिथिमा मेला लाग्ने गर्दछ। धामीहरु पालैसँग आफ्नो घाई (बाजामा नाच्न) खेल्ने गर्दछन्। यसरी मष्टा देवताको आफ्नो उच्च स्थान राख्न सफल भएका छन्। मलासबाट आएका वैजनाथ देवता डडेल्धुराको गन्यापधुरामा आफ्नो स्थान ग्रहण गर्दा मष्टा देवताका नामले प्रख्यात भएका छन्।

### कूलाउँ देवताः

कूलाउँ देवता भनेका घटाल हुन। महाभारत कालमा पाण्डव भिम सेनका छोरा घटोत्कचले ठूलो सङ्ग्राम गरी कौरवका सेनाहरुको विनास गरेका थिए। कालिकालमा देवताका रुपमा पुजीने वरदान पाएका घटालले पशुवली स्वीकार्दछन्। गुर्जलेखबाट आएका कठायत तथा दमाईहरुको कूल देवताका रुपमा अमरगढी नगरपालिका डडेल्धुरा घटालबाट आफ्ना भक्तजन कठायतसँगै मष्टामाण्डौंमा आएका र माथीबाट उनको त्रिसुल कूलामा बगेर आएकोले कूलाउँ भन्ने नामाकरण गरिएको छ। कूलाउँ कठायत तथा दमाई थरका जातिको कूल देवता रहन गएको छ। कूलाउँको मन्दिर कठायत गाउँमा र गन्यापधा वडा नम्बर ३ सेल्तडामा रहेको छ। यहाँ प्रत्येक दिन बलि चढाइने गरिन्छ। मन्दिरमा प्रसस्त घण्टहरु र अन्य पुजाको सामाग्री राखिएका छन्। ध्वजाहरुले (नेजा) सिंगारिएको कूलाउँ मन्दिरमा भक्तजनहरु आई पुजाआजा गर्दछन्। कूलाउँ देवता मासाहारी भएकोले त्यहाँ बलि पनि चढाइन्छ। शुक्लपक्षको तिथिहरुमा चण्डी पाठ, सत्यनारायणको पुजा समेत गरिन्छ। कार्तिक शुक्ल चौथिमा कूलाउँको पुजा गरिन्छ। कूलाउँ देवताले मनोकाँक्षा पुरा गर्ने जनविश्वास रहेकोले त्यस मन्दिर परिसरमा दिनहुँ भक्तजनले पुजा अर्चना गर्ने गर्दछन्। कुलाउँ देवताकव मन्दिर समेत नयाँ निर्माण गरिएको छ। कूलाउँ देवताको धामी कठायत र रुलाकोट दमाई बाट हुने गर्दछ।

### बण्डाली देवलः



उत्पत्तिः बलिभद्र देउवा (कान्छा राठी देउवा) कि श्रीमतिको माइति घर गौलीगाउँमा रहेको थियो। उनि सधैं डोली चढेर माइती देवता मष्टाको मेला हेर्न जान्थिन। त्यति बेलाको चलन अनुसार टाउँकोमा पन्छयौराले छोपी घुम्टो राख्ने हुनाले सबैले मुख देख्न सक्दैनथ्ये। एक जना डोलेले ती महिलाको अनुहार कालो भएकोले छोपेको रहेछ भन्ने ठट्टा

गरेछ। आफ्नो उपहास गरेको देखेर ती महिला रोई कराई गरिछिन। मष्टा देवताको धामीले उनलाई डिलमै अवतार हुने र उनले दर्शन गर्न मष्टा मन्दिरमा न आए पनि मनोकाँक्षा पूर्ण हुने वरदान दिएछन्। दोस्रो बर्षमा मष्टा देवताको शक्ति र वरदान अनुसार डिलमा आफ्नो सहोदरी बहिनीलाई मष्टा देवताले पठाए छन्। किम्बदन्ती अनुसार हालको वण्डली मन्दिर नजिक बिशा अवस्थी बाह्यमणको २२ वटा भैंसीको गोठ छाना रहेको थियो। गोबर मल सोहार्ने क्रममा गोठालीले देवताको गाथमा धारिलो फलामे कुटी बज्रन गई रगत बगेछ। रगतको खोलो बग्दा गोठाली मुर्छा परिछे। बाह्यमण आई हेर्दा रगत बगेको ठाउँमा पवित्र जलले पखाली दुधको धारो दिई नौनीले घाउ पुरी आफ्नो खाष्टो गाथलाई छोपेछन्। त्यो घटना कार्तिक शुक्ल पूर्णीमा थियो। पन्ध्रौ सताब्दीतिर वण्डाली देवताको उत्पत्ति भएको मानिन्छ। त्यहिं कार्तिक शुक्ल पूर्णीमामा वण्डली देवताको पुजा गरिन्छ। मष्टा देवता को बहिनी भएकोले उनको नामाकरण (वण्डाली) रहन गयो। अरु सबै देवताहरुले वण्डालीलाई आफ्नो बहिनी मानी उच्च समान दिने गर्दछन्। मष्टा देवताको स्थान (मष्टा मन्दिर) मा पनि बण्डाली देवताको ठूलो विडी (बस्ने स्थान) छ। सबै देवताहरुले यी बण्डली देवतालाई काखमा राखी सम्मान गर्ने गरिन्छ। बण्डाली देवताको पुजा प्रत्येक कार्तिक शुक्ल पूर्णीमाका दिन गरिन्छ। भने नवबर्षको उपलक्ष्यमा बैशाख १ गते र विजया दशमी टिकाको दिनमा समेत देवीको पुजा अर्चना गरिन्छ। देवी प्रकट भई सबैलाई जमरा टिका लगाई दिन्छन्। मष्टा देवताको बहिनी भएकोले हालको साविक मष्टामाण्डौं भरिका धामीहरुले सम्मान गर्ने गर्दछन्। साविकको मष्टामाण्डौं डिलको मूल बाटोमा बण्डाली देवताको मन्दिर रहेको छ। डिलको पवित्र भूमी मै अवतार भएकोले त्यो भूमी पूण्य मानिन्छ। मिर्गी रोगीहरुले भाकल गर्दा बण्डालीले रोग समेत निको गराई दिन्छन् भन्ने विश्वास रहेको छ।

प्रत्येक बर्ष कार्तिक कृष्ण प्रतिपदामा लाटा देवताको पूजा स्थल (लाटा देवता मन्दिरमा) बण्डाली देवताको वयाल हुने, बण्डाली देवता प्रशन्न भएमा मनोवाच्छित फल दिने जन विश्वास छ। मष्टामाण्डौं भरिमा नै बण्डाली देवतालाई मष्टा देवताकै बहिनी भनेर सबै देवताहरुले उनको सम्मान गरेको पाइन्छ। बण्डाली देवतालाई कूल देवताको रुपमा अवस्थी ब्राह्यमण, कान्छा राठी देउवा, भूल, दमाईहरुले मान्ने गर्दछन्। बण्डाली देवताका धामी र भण्डारी कान्छा राठी देउवा हुन्छन् भने पुजारी अवस्थी ब्राह्यमण रहन्छन्। बण्डाली देवताको भण्डार घर डिलमा रहेको छ। त्यहिंबाट गाँज सिंगारेर बण्डाली मन्दिर सम्म पुग्र्याउँछन्। जाँतको दिनमा बाजा गाजा दमाह भोक्कर बजाएर जाँत्रा गरिन्छ। बण्डाली शाकाहारी देवी भएकाले त्यहाँ सात्त्विक पुजा मात्रै हुन्छ। शक्तिपिठको रुपमा रहेकी मष्टा देवताकी बहिनी (बण्डाली) ले प्रसन्न हुँदा भक्तजनको मनोकाँक्षा पुरा गर्ने जन विश्वास रही आएकोछ।

**समैजी देवताः**

समैजी देवताको मन्दिर गौलीगाउँको नङर र काठायत गाउँमा पनि छ। समैजी देवता मष्टा देवताको द्वारपालको रुफमा बस्ने गर्दछ। मष्टा देवताको धामीको अनुपस्थितिमा समैजीले कार्य गर्दछ। समैजी देवता मंसिर महिनामा पुजिन्छ। मष्टा देवताको द्वारपालको रुपमा कार्य गर्ने हुँदा मष्टा देवताले आफ्ना भक्तहरुले दिने आशिर्वाद समैजी देवताले दिने गर्दछन्। यिनको द्वारपाल कौछे लाटा हुन्। समैजी देवताले मष्टाको द्वारपाल भएकाले मष्टा देवताको बहिनी बण्डाली देवतालाई आफ्नो बहिनी सरह मानी सम्मान गर्ने गर्दछन्। मष्टामाण्डौंमा रहेका शक्तिपिठहरु मध्ये समैजी देवताको समेत अग्रस्थान रहेको छ। मष्टा देवताको मेला लाग्ने दिनमा आफ्ना भक्तहरुलाई खुशी पार्ने कार्य समैजी देवताले गर्दछन्। समैजी देवतालाई तल्लो गाउँ (मुसुरे कापल) का बिष्टहरुले कूल देवताका रुपमा पुजा अर्चना गर्दछन्। समैजी देवता प्रसन्न हुँदा भक्तजनको मनोकाँक्षा पुरा गर्ने विश्वास रहेको छ।

**आदित्य भागेश्वर देवताः**

आदित्य भागेश्वर देवताको मन्दिर मष्टामाण्डौं गर्खामा रहेको छ। गर्खा गाउँको मध्य गाउँमा ठूलो जङ्गल रहेको छ। त्यसलाई कालो झाड भनिन्छ। तेह्रौं शताब्दिमा नै भागेश्वर देवताले त्यस तपोभूमि बास गरेका थिए। त्यस मन्दिरमा भागेश्वरको स्थान, असिग्रामको स्थान समेत रहेको छ। कलात्मक ढँगले बनाएको मूर्ति रहेको छ। आदित्य भागेश्वर देवता देउवा (जेठा र माइला) र बोहराहरुको कूल देवताको रुपमा लिइन्छ। भागेश्वर देवताको पुजा असार शुक्ल षष्टी, कार्तिक शुक्ल षष्टी तथा माघ शुक्ल षष्टीमा पूजा गरिन्छ। आदित्य भागेश्वरको पुजा गर्दा बाजा गाजाहरु बजाइदैन्। शंख घण्टको ध्वनीका साथ पुजा गरिन्छ। मन्दिरमा प्रवेश गर्दा सुद्ध सात्त्विक भोजन गर्नु पर्दछ। लसुन प्याज समेत खाएमा मन्दिरमा प्रवेश गर्नु हुँदैन।

शुद्ध गाईको घ्यू तथा जौ तिल ले हवन हुन्छ। त्यसको पुजाको लागी मष्टामाण्डौंका साविकका १-४ वडा चार गाउँको पुज  लाने गर्दछन्। भागेश्वर मन्दिरमा आजीत बाबाले समाधी लगाएको स्थान छ। आदित्य भागेश्वरको पुजामा विशेष शुद्धताको ख्याल गरिन्छ।

भागेश्वर देवताको धामी हुँदैन। त्यसको सम्पूर्ण कार्य लाटा देवताको धामीले गर्दछन्। गौ दमन गर्दा, भण्डारीमा आदित्य भागेश्वर प्रकट हुन्छन भन्ने जन विश्वास रहेको छ। उनि इसाराले सबैको मनोकामना पूर्ण हुने वरदान दिन्छन् , तर मुखले बोल्दैनन्। लाटा देवताको धामीलाई आदेश दिएर उनको माध्यमबाट श्रदालुलाई आशिर्वाद दिन्छन्। आदित्य भागेश्वरको पुजा गर्दा गोरु नजोतेको, कोदालोले मात्रै खनजोत गरेको धानबाट बनेको चामलको पुजा लाग्दछ।

सुतक जुठो पर्दा कुनै पर्वमा पनि पुजा हुँदैन। त्यस पवित्र भूमीको चारैतिर परेखालले घेरिएको छ। त्यस जङ्गलमा कसैले पनि घाँस दाउरा ल्याउँदैनन्। बर्ष भरिनै त्यस पवित्र भूमीमा सत्यनारायणको पुजा, पाठ गरिन्छ। सधै जसो मन्दिरमा धुप दीप प्रज्वलन भएको हुन्छ।

आदित्य भागेश्वरमा रुलाकोटका अवस्थी ब्राह्मणको पुजारी बाहेक कसैले पुजा लगाउन नसक्ने मान्यता रहेको छ। पुजारी ब्राह्मणको घरमा सुतक दोष हुँदा अन्य ब्राह्मणहरुले पुजा गर्न सक्ने अनुमति छैन्। बर्ष भरिमा ३ पटक पुजा हुने र कुनै अशौच परेमा बर्षौं सम्म पनि मन्दिरमा तिथिमा पुजा हुन सक्दैन। सात्त्विक ढँगले पुजा गर्दा आदित्य भागेश्वर देवताले मनोवाच्छित फल दिने जन विश्वास रहेको छ।

**श्री कैलपाल देवता  (ऐतिहासिक पृष्ठभूमि):-**

परिचयः गन्यापधुरा गाउँपालिकाको वडानम्बर चार जैसेराको गाउँमी कैलपाल देवताको मन्दिर छ। कैलपाल देवता यस जैसेरामी रया पान र पनेरुसँगै भारतको कनौज भन्या ठाउँबटाहै आयाकाथ्या केइ दिन भारत वटाहै आइबर स्वर बडालु भन्या ठाउँमी बस्या तै पछयारी जैसेरामी आयाका हुन्। यी कैलपाल देवता गाइ पाल्ने भया हुनाले कैली भण्याको देवताका भाषामी गाइ भया हुनाले यिनरो नाउँ कैलीपाल भयाको हो। यिनै कैलीपाल देवताको नाम वटाहै पञ्चायतिकालको गाउँ पञ्चायल र पछि गाउँ विकासको नाए पनि कैलपालमाण्डौं भणिबर रयाको हो।

यो कैलपालमाण्डौं भितर मोई, रेल, गनेडा, कापडीगाउँ, ओखलबाटा, मेड्डी, रुमायल र जैसेरा गाउँहरु पड्डा छन्। कैलपाल मन्दिरको पूर्वमा कापडीगाउँ गनेडा, पश्चिममा रुमायल, उत्तरमा मेड्डी गाउँ र दक्षिणतिर भैरवस्थानको मन्दिर तथा जैसेराइको डाङा भन्ने टोल पर्दछ। कैलपाल देवता पनि यस ठाउँका शक्तिशाली देवता मानिन्छ। यी देवता जैसेरामि आउन्या बेला यहाँ जाट  पड्यालहरुको बसथि थियो। यिनै देवताको शक्तिका कारण  तिनिहरुलाई हटाईवर यस ठाउँमी पनेरु पान लगायत अन्य थरीको बसथि बसेको थियो। यी कैलपाल देवता कामी वर अठारै पुराण मुखैले पडि दिन्थे  भन्ने पनि इतिहास रहि आएको छ। कैलपाल देवता भएको ठाउँमा कुनै पनि भुत पिचास आदि रहँदैनन भन्ने कुरा नि सत्य सावित भएको छ।



कैलपाल देवता अषाढ र कार्तिक महिनाको शुक्ल पक्ष षष्टिका दिन पुजिन्छन्। कार्तिक षष्टिका बासा देखी भोलक दिन सम्म यस देवताकी जाँत हुन्छे जाँतका दिन यहाँका पनेरु, पान, धानुक, ऐरी आदि थरहरु यसको उपासन बस्ने गर्छन । यस देवताका आफ्नै किसिमका रितभात छन्। पनेरुले पाठ गर्ने, पानले भोक्कर बजाउने, ऐरीले साँकघाट बजाउने, धानुकले पोखल उठाउने र गाँज नचाउने आदि चलनहरु छन् । यस देवताका तीनवटा भणार छन् । मेड्डी, चौतमाला र डाङा भणार रयाका छन्। यी तीनै भणारमा पालै पालो देवताको देउरो रन्छ। यस कैलपाल देवताको जाँत यस पश्या गर्खाकै ऐतिहासिक जाँत मानिन्छ। जाँतका दिन वण्डोरा देखि असिग्राम रुवाखोला सम्मका मान्छेहरु आउँछन् र निकै मेला लागन्छ, यस जाँतमी रतेडीका र दिउँसेढीका दिन तरवारले चौलो खेल्छन् । चौलो खेल्दा अतिनै रमाइलो हुन्छ । जैसेराको गाउँमी रयाको कापडीदेउ भन्ने ठाउँमी भुमदेउलीको स्थान छ। त्यहाँवाट भूमदेउलीको चौलो आउँछ, त्यसरी कैलपालमाणिउ मन्दिर वटाहै गन्यापको चौलो जान्छ। तै पछि दुइ चौलाको भिट हुन्छ। यतिबेला मान्छेहरुको भौतै भिड हुन्छ। जाँतमी चौलो हुन्या बेला गाँज पनि नचाउन्या गर्छन्। यो गाँज रङ्गि विरङ्गि पोटालाहरुले सजायाको हुन्छ। यो दृश्य पनि अतिनै रमणीय हुन्छ। यस जाँतका रातै र दिनै तक डेउडा खेल पनि खेल्ला छन्। डेउडा खेल पनि धेरै निका हुन्छन्। जाँतमा धेरै ठाउँवाट ब्यापारी पनि आउँछन्। यहाँ धेरै सामानको किन बेच पनि हुन्छ। यसैले यो मेला एक रमणीय र ऐतिहासिक मेलाको रुपमा रहेको छ। यव कैलपाल देवतालाई रुमायलका भट्ट बाहुनले पूजा लगाउँछन्। यस देवताको उपासना बसेर पूजा गरेमा मनले मागेका कुराहरु पुरा हुन्छन् भन्ने विश्वास पनि रहि आएको छ।

## मेरो कैलपालमाण्डौः

यो मेरो धार्मिक ऐतिहासिक भूमी पवित्र चोखो ठाउँ। कैलपालदेवता बसेका हुँदा कैलपालमाण्डौ नाउँ॥
यसै ठाउँहाम्रा पिता र पुर्खा आएर बसेका। पवित्र भूमी देखेर सबै हुन् यहाँ पसेका॥
ठाउँठाउँमा हाम्रा देवी र देवता बसेकाम यहीं छन। देवताको पूजा गर्नाले हाम्रो पवित्र हुन्छ मन॥
दक्षिणतिर शिखरको ठाउँ गन्याप छन रहेका। सेतीका किनार पश्याका रक्षक भूमदेउली भएका॥
हरिया वन रमाइला डाँडा कोयली बासेका। कैलपालमाण्डौं देखेर सबै देवता छन हाँसेका॥
वारी र पारी झिलि र मिली उज्यालो बलेको। देवी र देवता पूजेर बसन्या प्रथा छ चलेको॥
पूर्वमा डोटी दान्कोट गर्खा लेटी है धेकिन्छ। यसठाउँको सबै यथार्थ कुरा यसैमा लेखिन्छ॥
पश्चिममा नेउरी अग्लो छ डाङो उच्चाछन टाकुरा। प्राकृतिक वस्तु जोगाउनमा लागुन यि हाम्रा पाखुरा॥
उत्तरतिर कोराल खोला कल कल बगेको। बर्खाका दिन लेकको माटो बगाई लगेको॥
दक्षिणतिर गन्यापको धुरो छ कालो पखान। लेखेर पुरा हुँदैन कैलै यो ठाउँको बखान॥

गाउँनै गाउँ देवतानै देवता भएको हाम्रो ठाउँ।
यस पश्या भरि सबैले लिन्छन् कैलपाल तेरो नाउँ॥
समैजी मष्टा भूमदेउली लाटो छ मलहरिया।
हेरन सबै कुलेडी गाउँ त देवताले भरिया॥
पश्याका प्रख्यात वाठपाल लाटो रुमायल गाउँमा।
गन्यापको पनि उत्पत्ति भाको हो यसै ठाउँमा॥
दौपाल सौपाल निर्पाल देवता मेड्डीमा रहेका।
जतिछन हाम्रा गाउँघर सबै देवताई भएका॥
जैसेरा गाउँमा कैलपालमाणु माथी छ भैरव स्थान।
यहाँकासबै जातजाती गाउँछन कैलपालकै गुण गान॥
प्रख्यात छ घटाल भुलको लाटो लाटोइ हो कोलीको।
लाटोइ हो कुल देवता पनि जैसेरा ढोलीको॥
ओखली वाटा त्यो लड्या मष्टा दुर्गा छन कापडी गाउँ।
हेर त हाम्रो कैलपालमाण्डौं देवी र देवताको ठाउँ॥
गनेडा गाउँमा शिवको मन्दिर निर्पाल त्यही छ।
देउवामा जेठो गनेडी देउवा इतिहास यहि छ॥
मसानी कुडयाल गन्याप मन्दिर रेलका गाउँका।
को गन्न सक्छ देवी र देवता हामरा ठाउँका॥
मोईको गाउँमा ती दुर्गा देवी बस्याकि चौकामा।
आइ दिनु होला यो ठाउँ हेर्न बेला र मौकामा॥
दिउँसेडी मेला दिनमी हुन्छ रतेडी रातमा।
बर्षको एक दिन सबैले आउनु कैलपाल जाँतमा॥

## श्री चौकामाणु (धार्मिक ऐतिहासिक पृष्ठभूमि):-



परिचयः गन्यापधुरा गाउँपालिकाको वडा नं ५ अलिमाथी तिर यो चौका माणु रयाको छ। यो माणु दुर्गा देवी बस्याकि छिन। यव माणु पनि पहिले पुरानो र नानो पनि थ्यो। आजभोल यो निकै ठूलो मन्दिर बनेको छ। यो मन्दिरको चारैतिर सल्लाका ठूलाठूला रुखहरु छन्। रुखै रुखले घेरिएको र पाजलो ठाउँ भयाको हुनाले अतिनै रमाइलो ठाउँ छ। यी दुर्गा देवीको देउरो रन्या भणार डोटी जिल्लाको देवल भन्ने गाउँमा छ। अनि दुर्गा देवीकी विणि सोही जिल्लाको वडाखला भन्ने गाउँमा छ। यो चौकामाणु अर्थात दुर्गा देवीको मन्दिर देखी पूर्वमा बन्लेक बन्डोराको गाउँ छ। पश्चिमतिर कपरकोट सामुदायिक वन छ। उत्तरतिर मोई अम्तोलाको गाउँ छ, भने दक्षिणतिर रेलको लेटीको धार रहेको छ। यी दुर्गा देवी शक्तिशाली देवी हुन। यिनी काठमा पनि काम्ने हुनाले यिनको गाँजको गज्यालौरो जाँतको दिन आफै कामन्छ। यी देवीको जाँत कार्तिक शुक्ल पक्ष चतुरदशीका दिन रतेडी र भोलका दिन पञ्चमिको तिथिमा दिउँसेडी जाँत हुन्छ। यो जाँत पनि रतेडी चौकामाणुमा हुने र दिउँसेडी बन्लेक गाउँमा हुन्छ। दिउँसेडीका दिन तरवारले चौलो खेल्या र चौलामी गाँज नचाउन्या प्रथा रहि आयाको छ। यो जाँत पनि अति रमणीय हुन्छ। यस जाँतमी जैसेरा देखि बन्डोरा सम्मका मान्स जाँत हेद्द आउँछन्। यो पनि यस गन्यापधुरा भित्रको एक सानो मेलाको रुपमा मानिन्छ। दुर्गा देवीका कारिवारि मोईका रोस्यारा, पाण्डे, हमाल, मल्ल, शाही, टमटा, थप्सा र देवलका धामी जाति हुन्। यी कारिवारिहरु जाँतको बेला देवीको उपासना गर्छन् र आआफ्नो गर्ने कर्तब्य सबैले पुरा गर्ने गर्दछन्।

**श्री मष्टादेवालयः** मष्टादेवालय गन्यापधुरा गाउँपालिका वडा नं. ५ को ओखलीवाटा ठाउँमा छ। यो देवालयमा मष्टा देवताको गाथ छ। यो भौतै पुरानो देवालय हो। पहिले यो देवालय नानो थ्यो र निच्चो पनि थ्यो। अचेल २०६७ सालतिर यो पुरानो देवालयलाई ठूलो र उच्चो किसिमको बनायाको छ। ढुङ्गाइ ढुङ्गाहरु काटेर बनायाको हुनाले यो भौतै रामडो धेकिन्छ।

यो देवालय ओखलीवाटा गाउँको धङरतोला भन्ने ठाउँमा छ। यी मष्टा देवता पैले यसै गन्यापधुरा गाउँपालिकाको रेल गाउँमा बसेका थिया तै पछयारी ताँबटाहै यस ठाउँमा आएका हुन भन्ने इतिहास कायम रयाको छ। यस देवालयको पूर्वमा रेलको लेटी, पश्चिमतिर कैलपाल देवालय, उत्तरमा कापडीगाउँ गनेडागाउँ र दक्षिणतिर सालकोट सामुदायिक वन रहेको छ। यो मष्टा देवताको अर्को मन्दिर सलकोटको टुक्रामा बनेको छ।

यो मन्दिरका चारैतिर रुखले घेरिएको र उच्चो टाकुरामा भएको हुनाले धेरै रमणीय छ। कार्तिक शुक्ल पक्ष चौथि तिथिको राति यस देवताकि रतेडी जाँत हुन्छे। अनि भोलीका दिन दिउँसेडी पनि हुन्छे। रतेडी भने मष्टाको देवालय भएकै ठाउँमा हुन्छे। अनि भोलका दिन बिहानै दोफरी र बेलकुलाइ तक गरिवर तिन फेरा चौलो हुन्छ। चौलोमा तरवार समाइवर मान्छेहरु चौलो खेल्ला छन्। चौलो खेलन्ज्या बिचैनी गाँज पनि नचाउँना छन्। तबै चौलोमा धेरै रमाइलो हुन्छ। जाँतका दिन यहाँ जैसेरा, मेड्डी, कापडीगाउँ, गनेडा, ओखलवाटा, रेल, मोई, थप्सा र बन्लेक बन्डोरा सम्मका मान्छे आउँछन। यो पनि यस ठाउँको सानो मेलाको रुपमा माणिन्छ। यो मष्टा देवताको देउरो रन्या भणार ओखलीवाटामा रयाको छ।

यसका मूख्य कारिवारि ओखलवाटाका साउन र जैसेरा गाडका पनेरु हुन् भने यसको मूख्य ज्वलो रेलमा रहेको छ। यसैले रेलकै ढोलीहरु यस देवताको जोलो बजाउ छन्। यसका अन्य कारिवारि देउवा, ओझा, पडाल, फुलारा, रोस्यारा, शाहीहरु छन्। यो देवता पनि एकशक्तिशाली देवताकै रुपमा मानिन्छ।

**मुख्य कुराहरुः**

१. सेवा क्षेत्रमा हुने गरका नाच, बाजा, पूजाआजाको महत्त्व तथा विशेषताहरु तथा जातिगत चालचलनहरु

२. बडाल जातको चौलो नाच। यसमा दाइन, दामाउँको बाजा गाजाका साथ गोलो लाइनमा हालमा तरवार समाई बाजासँगै मिल्ने गरी चौलो खेलिन्छ। बडालको चौलोको नामले प्रख्यात रहेको छ।

३. गौरा पर्वमा गाईने गीत (फागहरु), विवाह वर्तबन्धका अवसरमा हुने फाग यस्तै अन्य भएमा। स्थानीय जानकारको सहयोगमा।

४. विभिन्न स्थानीय खेलहरुको परिचय, खेलका नियमहरु, खेल्ने तरिकाको अभ्यास गराएर शारीरिक तथा सृजनात्मक कलाको विकास गराउने।

५. स्थानीय स्तरमा भएका उद्योगहरु, फार्महरुको अवलोकन र भ्रमण गराएर घरमा पनि त्यस्तै विकास गर्ने बानीको विकास गर्ने।

६. स्थानीय क्षेत्रमा हुन् सक्ने विपदहरुको परिचय गराई बच्ने उपायहरुको जानकारी गराउने।

## अनुसूची-२

**प्रसिद्ध ब्यक्तिको जीवनिको परिचयः**

**उदाहरणको लागि सहीद भीमदत्त पन्तः**



डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिकाको कारीगाउँको एक गरिब परिवारमा आमा सरस्वती र बुबा तारनाथ पन्तको कोखबाट विक्रम संम्वत १९८३ मंसिर १० गते जन्मिनु भएका थिए। उनले भारतको उत्तर प्रदेश सिंगाहीबाट संस्कृत बिषयमा हाई स्कूलसम्म अध्ययन गरेका थिए। उनले गरिबका पक्षमा शोषक सामन्तका विरुद्धमा "कि त जोत हलो, कि त छोड थलो, ठालु खान्ना आलु गरिब खान्ना बासमती, तमसुक च्यात

भकारी फोड" भन्ने नारा लिई क्रान्ति गरे। तत् पश्चात यो अभियान राष्ट्र विरोधी ठहराई जेल सजाय गर्ने आदेश आयो।

त्यसै बेला उनि विभिन्न ब्यक्तिको घर, गाउँ-बस्ती लुक्दै गए। एक्कासी कञ्चनपुरको ब्रह्मदेव भन्ने ठाउँमा शासकले समात्न कोसिस गरे। उनि भागेर हालको जोरायल गाउँपालिकाको वडा नंम्बर २ बुडर डोटी नजिकै गल्लेक भन्ने ठाउँमा आफ्ना मितजी लाल बहादुर मगरको घरमा पुगे। त्यही ठाउँमा उनलाई विक्रम सम्वत् २०१० साल श्रावण १० गते टाउँको काटी हत्या गरियो। उनि आज राष्ट्रका बीर सहीदको रुपमा चिनिन्छन्। यस्तै उनिका बारेमा अन्य कुराहरु पनि खोज गरी शिक्षण गर्न सकिन्छ। यस्तै अन्य स्थानीय ब्यक्तिको राम्रो कार्यको बारेमा जानकारी गराई सभ्य सही भावनाको विकास गर्ने बानीको सृजना गरी योग्य नागरिकको भावना जागृत गराउनमा महत्त्वपूर्ण भूमिका रहने छ।

## शेर बहादुर देउवाः



डडेल्धुरा जिल्लाको पूर्वी भेगमा, गन्यापधुरा गाउँपालिका वडानम्बर-१ साविकको असिग्राम गाउँ विकास समितिको रुवाखोला भन्ने रमणीय ठाउँमा छ। त्यहाँ देउवा, महता, भट्ट, कामी, दमाई, भण्डारी, ताम्राकार, महरा, जोशी, दियाल, रावत, भारती, माली, सेटी, मल्ल, रावल आदिको यसै ठाउँमा मटेला भन्ने सुन्दर गाउँ छ। यहीं विक्रम सम्वत २००० साल जेष्ठ १८ गतेका दिन शेर बहादुर देउवाको आमा श्री दुर्गा देवी देउवा र बुबा श्री प्रसाद सिंह देउवाको कोखबाट जन्मिनु भएका हुन। उनि पाँच भाई र दुई बहिनीका जेठा दाजु हुन। किसान परिवारमा जन्मेका उहाँको बाल्यकाल गाउँमा नै बित्यो। ६ बर्षको उमेरमा उनलाई गाउँकै विद्यालयमा पठनका निम्ति भर्ना गरियो। त्यतीबेला उनले गाउँकै असिग्राम प्राथमिक विद्यालयमा २००७ साल देखि २०११ सालसम्म प्राथमिक शिक्षा हासिल गरेका थिए। २०१२ सालमा उनि कक्षा ८ मा पठनका लागि डडेल्धुरा जिल्ला सदरमुकाममा रहेको महेन्द्र माध्यमिक विद्यालय खलङ्गामा भर्ना भई कक्षा ८ उत्तीर्ण गरे।

हाई स्कूल अध्ययनका लागि डोटी जिल्लाको उच्चाकोट भन्ने स्थानमा रहेको सीताराम माध्यमिक विद्यालय उच्चाकोटमा २०१५ सालमा भर्ना भई २०१६ सालमा हाई स्कूल उत्तीर्ण गरे। उनि सानै छदा निडर, चन्चले, समाज सेवामा लाग्ने ब्यक्तिका रुपमा चिनिन्थे। उनको बाल्यकालको स्वभावलाई देखेर गाउँ समाजका सबै मानिस छक्क पर्थ्ये। वहाँ उच्च शिक्षा अध्ययनका लागि २०१६ सालमा काठमाण्डौं गएका थिए। त्यस समयमा काठमाण्डौं अध्ययन गर्नका लागि जानु सामान्य कुरा थिएन। काठमाण्डौंमा रहदा उनको विचार नेपालको राजनीति तर्फ मोडियो। त्यतिबेलाका राजनीतिक अगुवा नेता श्री विपि कोइराला, श्री कृष्ण प्रसाद भट्टराई, शुवर्ण समशेर राणा, गणेशमान सिंह जस्ता थुप्रै ब्यक्तिहरुसँग चिनजान भयो।

उनको राजनीति यात्रा शुरु भयो। यसै क्रममा उनि साथी भाईको सहयोगबाट २०२८ सालमा नेविसंघका अध्यक्ष भई पहिला विद्यार्थी नेताको रुपमा परिचित भई देशभरि विद्यार्थी सँगठनको विस्तार गरे पश्चात बेलायतमा राजनीति शास्त्र अध्ययन गर्न गएका थिए। अध्ययन पश्चात काठमाण्डौं फिर्ता भएपछी २०३६ सालदेखि प्रजातन्त्रका लागि लडि रहे। यसै क्रममा यिनी नौ बर्ष जेलको यातना रहेर बसे। वर्तमान समयमा यिनको नाम विश्वको सबै देशहरुमा फैलियो।

नेपालको राजनीतिक इतिहासमा वहाँले नेपाली काँग्रेस पार्टीबाट गृह मन्त्री र चार पटक प्रधानमन्त्रीको रुपमा चिनिनु हुन्छ । वहाँ नेपाली काँग्रेसका केन्द्रीय पार्टी सभापतिका रुपमा पनि चिनिनु हुन्छ । उनको राजनैतिक यात्रामा हार भएको कुनै चुनावनै छैन । यस्ता ब्यक्ति सायद कमै होलान । नेपालको जनमूखी संविधान निर्माण गर्ने, देशमा शान्ति सुब्यवस्था कायम गर्ने, विदेशी हस्तक्षेपबाट देशलाई जोगाउनमा वहाँको ठूलो योगदान रहेको छ । यस्ता ब्यक्ति यसै गन्यापधुरा गाउँपालिकामा जन्मि देशका साथसाथै हाम्रो जिल्ला तथा सुदूरपश्चिमको नाम उच्च गरेका छन् ।

यसरी हाम्राई स्थानमा जन्म भई ठूला मान्छे भई काम गर्न सकिन्छ भन्ने प्रेरणा प्राप्त गर्ने गाउँघरका ब्यक्तिहरुको उदाहरण दिएर साना बालबालिकामा सभ्य, अनुशासित, नैतिकवान बन्ने बानीको विकास गराउने गरी शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गरी गुणस्तर युक्त शिक्षा प्राप्त गराउनमा महत्त्वपूर्ण भूमिका रहने छ ।

## अनुसूचि-३

### क) प्रकोपको परिचयः

कुनैपनि कारणले विपद् उत्पन्न गर्न सक्ने वा विपद् हुन सक्ने सम्भावना भएको अवस्थालाई प्रकोप (Hazard) भनिन्छ । जस्तै एउटा भसरालो डाँडेको टुप्पामा एउटा ठूलो चट्टान छ । त्यो जुनसुकै बेलामा खस्न सक्छ । यदि त्यो चट्टान खसिहाल्यो भने त्यसको बाटोमा पर्ने सबै कुराहरु तहसनहस हुन्छ ।

यस्तो अवस्थालाई नै प्रकोप भनिन्छ । बृहत् नेपाली शब्दकोषमा प्रकोपलाई कुनै महामारी, रोग आदिको प्रबलता भनेर उल्लेख गरेको पाइन्छ । प्रकोप भन्नाले प्राकृतिक प्रकोप, वातावरणीय प्रकोप एवम् प्रविधिगत प्रकोप, जोखिम समेतलाई बुज्नु पर्दछ । यस खालका प्रकोपहरु विभिन्न भौगर्भिक, मौसम तथा जल-विज्ञान सम्बद्ध, सामुद्रिक, जैविक एवम् प्रविधिक स्रोतबाट निसृत हुन्छन् ।

### ख) विपद्को परिचयः

प्रकोप र जोखिमको समिश्रणका कारण अपर्झट आइपर्ने प्रतिकुल असर वा क्षति भएको घटना विपद् (Disastar) हो । समाज वा समुदायले आफ्नै बलबुता र स्रोतसाधनको प्रयोग गरी सामना गर्न नसक्ने गम्भीर प्रकृतिका प्रकोपजन्य घटना र त्यो घटनाका कारणबाट सामान्य सामाजिक प्रक्रियामा अवरुद्ध पुग्राउने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति नै विपद् हो । यस्तो घटनाको प्रतिकुल प्रभावबाट पार पाउन समुदायको आन्तरिक क्षमताले धान्न नसक्ने अवस्थालाई मात्र विपद् भनिन्छ ।

अर्को शब्दमा, अचानक कुनै अप्रत्यासित घटनाबाट धेरै जनधनको क्षति भएर सामाजिक जनजीवन अस्तब्यस्त हुने र प्रभावित समुदाय आफ्नै स्रोतसाधनबाट पारपाउन नसक्ने स्थितिलाई विपद् भनिन्छ । भुकम्प, अतिवृष्टि, अनावृष्टि, आँधीबेहरी, महामारी लगायतका घटनाले सृजना गरेको आपतकालिन स्थिति नै विपद् हो । आकस्मिक रुपमा जनजीवन अस्तब्यस्त बन्ने विपत्तिपूर्ण अवस्था नै विपद् हो । यस्तो अवस्थामा मानिसले धेरै दुःख पाउँछन् । त्यसबेला उनिहरुका लागि सुरक्षा, खाना, लुगाफाटो, आवास, औषधिउपचार तथा सामाजिक सेवाजस्ता दैनिक जीवनमा नभैनहुने वस्तु र सेवा बाहिरबाट पूर्ति गरिदिनु आवश्यक हुन्छ । विपद् भनेको त्यस्तो परिस्थिति वा घटना हो, जसको प्रतिकारको लागि स्थानीय साधन, स्रोत र क्षमता मात्र प्रयाप्त हुँदैन, राष्ट्रिय वा अन्तराष्ट्रियस्तरको सहयोगको पनि आवश्यकता हुन्छ ।

यसरी सारांशमा भन्नुपर्दा मानिस गायत प्राकृतिक वातावरणका अन्य जैविक वा अजैविक तत्त्वले कुनै पनि कारणबाट अचानक उत्पन्न हुने घटनालाई सहन गर्न सक्दैनन् र त्यस्तो घटनाबाट मानिस मर्दछन, घाइते हुन्छन् तथा आर्थिक क्षति

हुन्छ र सामाजिक जनजीवन अस्तब्यस्त हुन गई प्रभावित समुदायलाई बाह्य सहयोगको आवश्यकता पर्दछ त्यस्तो अवस्थालाई विपद् भनिन्छ।

**विपद् सम्बन्धी मुख्य कुराहरु:-**

- विपद् अचानक उत्पन्न हुने घटना हो।
- विपद्ले मानिसको नियमित जीवन पद्धतिलाई असमान्य र अस्तब्यस्त बनाउँछ।
- विपद्का कारण मानिस मर्छन, घाइते हुन्छन् र धनसम्पत्तिको हानिनोक्सानी हुन्छ।
- विपद् उत्पन्न भएको अवस्थामा खाना, बसोबास, लुगाफाटो, औषधिउपचार र सामाजिक सुरक्षाको खाँचो हुन्छ।
- विपद्को अवस्थामा पीडित परिवार तथा समाजका तत्कालीन आवश्यकता पूरा गर्न उपलब्ध स्रोत, साधन र क्षमता अपर्याप्त हुन्छ।
- विपद् बाट बच्न र त्यसबाट भएको क्षति र पीडाबाट मुक्ति पाउन ब्यक्ति वा समुदायलाई तत्कालीन राहत, उद्धार र पुनर्स्थापनाका लागि छरछिमेक, सरकार तथा विदेशी सहयोगको समेत आवश्यक पर्न सक्छ।

ग) विपद् र प्रकोपको भिन्नता:-

| आधार | प्रकोप | विपद् |
|---|---|---|
| अर्थ | मानिसको ज्यान, धनमाल, जीविकोपार्जन वा सामाजिक तथा आर्थिक विकासमा पर्न सक्ने सम्भावित घटना तर घटनाबाट क्षति नभएको अवस्था | प्रकोप विपद् मा रुपान्तरण भएको अवस्था जसले मानिसको ज्यान, धनमाल, जीविकोपार्जन वा सामाजिक तथा आर्थिक विकासमा भएको क्षति गरेको हुन्छ। |
| परिभाषा | कुनै पनि ठाउँमा आकस्मिक वा विस्तारै हुने प्राकृतिक वा मानव सिर्जित घटना जसले जनधनको क्षति गर्दैन।<br>मरुभूमिमा गएको भूकम्प, वनमा गएको पहिरो, मानवीय सम्पत्तिको क्षति नभएको बाढी आदि यसका उदाहरण हुन्। | प्रकोपका घटना विपद् मा रुपान्तरण भएको अवस्था। प्रकोपका कुनै पनि घटनाबाट प्रभावित समाज वा समुदाय, जसले आफ्नै बलबुता र श्रोत साधनको प्रयोग गरी सामना गर्न नसक्ने स्तरको त्यस्तो गम्भीर अवस्था जहाँ मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति भएको हुन्छ परिणामस्वरुप जनजीवन असामान्य भएको हुन्छ। |
| ब्यवस्थापन | प्रकोपलाई पूर्ण रुपमा मानिसले निमिटयान्न पार्न सक्दैन। | |
| स्वरुप वा स्थिति | प्रकोप = घटना X क्षति हुने सम्भावना हुन्छ | विपद = प्रकोप X जोखिम + क्षति हुन्छ। |
| नियमितता | प्रकोप अवश्यम्भावी अर्थात नियमित हुने घटना हो। जस्तो पानी पर्नु र बाढी आउनु, स- साना भूकम्प आउनु आदि सबै नियमित घटना हुन्। | विपद् अवश्यम्भावी अर्थात नियमित घटना होइ। प्रकोपबाट सधैँ क्षति वा नोक्सानी भएको हुँदैन। |
| अवस्था | सबै प्रकोप विपद् हुँदैनन्। | सबै विपद् प्रकोपका कारण हुन्छन् । |

घ) विपद् ब्यवस्थापनमा प्रयोग हुने शब्दावली र तिनको अर्थः

| शब्दावली | सन्दर्भ अनुसार शब्दावलीहरुको अर्थ |
|---|---|
| अतिवृष्टि | धेँरै बर्षा हुनु, लामो समयसम्म बर्षा भईरहनु |
| अनावृष्टि | ज्यादै कम पानी परेर सुख्खा लाग्नु |
| अनिकाल | खानेकुराको अभावका कारण उत्पन्न भएको सङ्कट |
| अल्पीकरण | विपद्को जोखिममा रहेका पूर्वाधार, संरचना, मानिस वा अन्य वस्तुहरुमा सम्भावित विपद्को असर कम गर्नको लागि गरिने पूर्वकार्य |
| आकलन | अनुमान तथा अड्कल गर्नु |
| आगलागी | आगो लाग्ने काम, कुनै बस्तुमा आगो सल्केर बल्ने काम, जस्तैः घर तथा गाउँबस्तीमा हुने आगलागी, वनमा हुने आगलागी वा डढेलो (इन्धन,ताप र अक्सीजन (हावा) यी तीनै चिज एकै समयमा अनिच्छित ठाउँमा मिल्न गई धनजनको क्षति हुनु) |
| आँधीबेहरी | हावा जोडसँग बहनु, हुरीबतास, कहिलेकाँही हावा, असिना पानी एकैसाथ बेगले आउनु |
| आपतकाल | विपद् परेका कारण जनधनको क्षति वा नोक्सान भएर उत्पन्न भएको आपतकालीन अवस्था |
| आणविक | अणुहरुबाट बनेको बस्तु (आणविक हतियार वा बम) |
| आधारभूत | बाँच्नका लागि वा अन्य कुराका लागि नभइनहुने |
| आवृत्ति | दोहोरिइरहने प्रक्रिया, पटक-पटक दोहोरिने प्रक्रिया |
| आसन्न | निकट भविष्यमा हुन सक्ने वा सम्भावित |
| उत्थानशीलता | विपद्को दबाब झेल्न वा सहन सक्ने क्षमता, विपद् बाट भएको क्षतिलाई सहजतासाथ पुनःस्थापन गर्न सक्ने क्षमता भएको अवस्था |
| उपज | प्रतिफल वा परिणाम |
| उद्धार | विपद् प्रभावितहरुको आवश्यकता अनुसारको प्राथमिक उपचार तथा आधारभूत चिकित्सा सहयोगबाट जीवनरक्षा गर्ने काम, मृतकहरुको सनाखत गर्ने काम, सतगतको लागि सहयोग गर्ने काम |
| कठोर | गम्भीर क्षति गर्न सक्ने |
| खतरा | जोखिम रहेको अवस्था |
| खडेरी | अनावृष्टि र खण्डवृष्टिका कारण सिर्जना भएको सुख्खा तथा सिँचाइ र घराउसी प्रयोजनका लागि आवश्यक पानीको अभाव भएको अवस्था |
| खाका | कुनै बस्तु बनाउन बनाइएको नमुना वा आकृति / काम गर्ने योजना |
| खाद्यसुरक्षा | अन्न, फलफूल वा तरकारीको जोहो वा सञ्चय गर्ने कार्य |
| खोज | विपद् मा परेर हराएका, परिवारबाट बिछोड भएका मानिसको खोजी गर्ने कार्य |
| जलउत्पन्न | पानीका कारण वा पानीको माध्यमबाट उत्पन्न हुने |
| जलवाष्प | पानी तातो हुँदा बन्ने बाफ |
| जोखिम | प्रकोपको घटनाबाट हानिनोक्सानी वा क्षति हुनसक्ने अवस्था |
| जैविक | जीवबाट प्राप्तहुने वा प्राणीको अवशेषबाट बनेको |

| | |
|---|---|
| जोहो | आवश्यक वस्तुको बन्दोबस्त वा सञ्चय |
| डुबान | नदी, खोला र खोल्साखाल्सीमा पानीको सतह सामान्यभन्दा धेरै भएर गाउँबस्ती तथा कृषि जमिनमा डुबान र कटान |
| दुर्घटना | कुनै ठाउँ वा समुदायमा १, २ घर वा केही ब्यक्तिलाई मात्र प्रतिकूल प्रभाव पर्ने गरी भएको अप्रत्यासित घटना |
| द्रुततर | अपेक्षाकृत तीब्र गतिको, छिटो छिटो हुने |
| नक्साङ्कन | कुनै वस्तुको सूची बनाउने काम। यसका सथै रेखाचित्रद्धारा नक्सा बनाउने काम |
| निमिट्यान्न | सिध्याउने वा पूर्ण रुपमा समाप्त गर्ने प्रक्रिया |
| निर्क्योल | निश्चय तथा निर्धारण गर्ने कार्य |
| निस्तेज | तेज नभएको, शक्ति तथा क्षमता कम भएको |
| न्यून | थोरै, घटेको वा कम भएको |
| न्यूनीकरण | घटाउने काम, सम्भावित प्रकोप तथा जोखिमका कारण हुनसक्ने विपद्का प्रतिकूल प्रभाव वा क्षति कम गर्नका लागि गरिने काम |
| पहिरो | भूबनोटमा नै प्रतिकूल असर पर्ने गरी माथिको जमिन धसिने, भासिने, तलतिर खस्कने वा बग्ने प्रक्रिया |
| पूर्वसुचना | कुनै पनि घटना हुने सम्भावना भएमा त्यस्तो घटनाबाट प्रभावित हुनसक्ने समुदायलाई पहिले नै सूचना वा जानकारी दिने कार्य |
| पूर्वानुमान | कुनै पनि बिषयमा पहिले नै गरिने अनुमान |
| पुनःस्थापना | विपद् प्रभावितहरुलाई अस्थायी वा स्थायी रुपमा राख्ने र दीर्घकालीन रुपमा सुरक्षित स्थानमा बसोबास गराउने कार्य |
| पुनर्निर्माण | विपद्ले क्षति गरेको प्राकृतिक सम्पदा, भौतिक पूर्वाधार लगायत अत्यावश्यक सेवा सुविधा पुनःस्थापन गर्ने वा क्षति भएका संरचनाको निर्माण गर्ने कार्य |
| पुनर्लाभ | विपद् प्रभावित समुदायका मानिस, प्राकृतिक सम्पदा, भौतिक पूर्वाधार लगायत जीविकोपार्जनका उपाय आदि विपद् हुनु भन्दा पहिलेकै अवस्थामा पुग्याउने काम |
| प्रकोप | प्राकृतिक वा मानवीय कारणबाट उत्पन्न हुने घटना जसले जनधनको क्षति गर्दैन तर क्षति पुग्र्याएर विपद् उत्पन्न गर्ने सम्भावना रहेको हुन्छ। |
| प्रतिकार्य | विपद् परिसकेपछि तत्काल गर्नुपर्ने काम जस्तैः खोज, उद्धार, राहत आदि |
| प्रबलीकरण | भूकम्पबाट क्षतिग्रस्त हुन सक्ने सङ्कटासन्न भौतिक संरचनालाई भूकम्प थेग्न सक्ने बनाउने विशेष प्रकारको मर्मत सम्भार |
| पूर्वतयारी | सम्भावित विपद्को सामना वा प्रतिकार गर्न कस-कसले के के गर्ने भनेर पहिल्यै तय गर्ने कार्य। क्षतिको सम्भावनालाई आधार मानेर खाद्यान्न, लत्ताकपडा जोहो गर्ने, सुरक्षित स्थानमा अस्थायी आवास बनाउने, पूर्वसूचना प्रणालीको ब्यवस्था गर्ने वा त्यस्तै विपद्का समयमा चाहिने वस्तुको पहिले नै जोहो गर्ने कार्य |
| बाढी | अचानक ठूलो क्षेत्रको जनजीवनलाई प्रतिकूल प्रभाव पर्ने गरी आफ्नो नियमित प्रवाह नाघेर बग्ने |

| | |
|---|---|
| | नदीनाला तथा खहरको बहाव |
| भूकम्प | पृथ्वीको सतहभित्र रहेका चट्टानहरु टुक्रिने वा सर्ने क्रममा निस्कने तरङ्ग (Seismic wave) को कारणकाट पृथ्वीको सतहमा पैदा हुने कम्पन (Vibration), पृथ्वीको ठूलो क्षेत्रमा एक्कासी हुने जोरदार कम्पन वा हलचल |
| भोकमरी | खाद्यान्न अभावका कारण उत्पन्न भएको सङ्कट, खानाको अभावमा स्वास्थ्यको स्थिति ह्रास हुने जस्ता समस्या |
| महामारी | सामान्य अवस्थामा भन्दा कुनै रोगब्याधि छोटो समयमा धेरै जनामा सङ्क्रमण भएर समुदायको नियन्त्रण भन्दा बाहिरको अवस्था (हैजा, झाडापखाला, मलेरिया…….) |
| राहत | विपद् मा परेकाहरुलाई पानी, खाद्यान्न, लत्ता कपडा, बसोबास, औषधि उपचार जस्ता आधारभूत आवश्यकता उपलब्ध गराउने काम |
| रसायनिक | रसायनसम्बन्धी (धातुलाई झोल र झोललाई धातु बनाउने तत्त्व तत्त्व बीचको) प्रतिक्रिया गराउने |
| विचलन | अस्थिरता, के गर्ने के नगर्ने भन्ने कुरा सोच्नै नसक्ने स्थिति, कुनै कुराबाट पन्छिने मनस्थिति |
| विपद् | अकस्मात कुनै घटना घटेर जनधनको ठूलो क्षति भई सामाजिक जनजीवनमा प्रतिकूल असर पुर्‍याउने घटना |
| शीतलहर | विशेषगरी जाडो मौसममा लामो समयसम्म लाग्ने बाक्लो कुहिरो । यसको कारणले खेती बाली नष्ट हुने तथा मानिस तथा पशुपक्षीको स्वास्थ्यको स्थितिमा प्रतिकूल असर पार्छ । |
| सामना | कुनै पनि घटनाको प्रतिकार गर्नु तथा विपद् बाट पर्ने समस्या समाधान गर्ने गर्न अग्रसर हुनु । |
| सङ्कटासन्न | जोखिम परेका मध्ये विपद्को पहिलो चपेटामा पर्न सक्ने सम्पूर्ण प्राकृतिक वा भौतिक संरचना, जीव जन्तु, मानिस तथा तिनीहरुको सरसम्पत्ति आदि । |
| सङ्कटासन्नता | जोखिम परेका मध्ये विपद्को पहिलो चपेटामा पर्न सक्ने सम्पूर्ण प्राकृतिक वा भौतिक संरचना, जीव जन्तु, मानिस तथा तिनीहरुको सरसम्पत्ति आदिको अवस्था । |
| सचेतना | चेतना वा ज्ञान भएको, सतर्क, जागरुक वा चेतनायुक्त |
| समन्वय | दुई वा सोभन्दा बढी मानिस वा निकायबीच पारस्परिक सम्बन्ध कायम गर्ने प्रक्रिया |
| समयानुकुल | समय अनुसारको, परिवर्तित समय अनुरुप गरिने |
| सलह | बाली, फलफूल, बोटवबिरुवा नष्ट गर्ने ठूलो समूहमा उड्ने फट्याङ्ग्रा जस्तो एक प्रकारको उड्वा किरा |
| सहजकर्ता | काम वा गतिविधिलाई सहज बनाउन समाजमा विभिन्न बिषयमा समन्वय गर्ने सामाजिक  कार्यकर्ता |
| सद्गत | मृतकका शरीरको दाहासंस्कार, संस्कार अनुसार लाश जलाउने वा गाड्ने कार्य |
| स्थानान्तरण | एक ठाउँको वस्तु वा बसोबास तथा मानवबस्ती अर्को ठाउँमा सार्ने काम |
| क्षमता | विपद्को सामना गर्ने, स्रोत, साधन,  ज्ञान, सीप आदि भएको अवस्था |
| क्षति | नोक्सान, हानी |
| हुरीबतास | वायुमण्डलीय गतिविधिका कारण सतहमा उत्पन्न हुने हावाको तीव्र गतिको बहाब |
| झटपट झोला | विपद्को घटना भईहालेमा आफ्नो तथा परिवार र सकेसम्म छरछिमेकको सहयोगका लागि औजार, औषधि, हलुका खाद्यान्न आदि राखिएको झोला, यस्तो झोला सजिलै भेट्ने ठाउँमा , बोकेर हिड्न |

| | |
|---|---|
| | सजिलो |

**प्रकोप**

बाढी पैरो महामारी प्रकोप भन्छन यिनलाई । कन्युनीकरण गर्नुपर्छ समयमै तिनलाई ॥
आगलाग्या धनजनको क्षती पैरोलैन्छ जग्गा । भूकम्पले घर ढलाउँछ जग बनाउ है पक्का ॥
बालीनाली नष्ट हुन्छ खडेरी पर्नाले । मानवजन्य प्रकोप हुन्छ होस नगर्नाले ॥
ज्वालामुखी विस्फोटन बन्दुक बारुद गोला । हुल दँगा नगरौं कमै आफ्नै क्षति होला ॥
आतिबृष्टि अनाबृष्टि हिउँ पैरो हिउँचुली । प्रकोप न्युनीकरण गरौ सबै मिलिजुली ॥
रुख रोपौ बन जोगाउँ हरियाली पारौ । बाढी पैराबाट आउन्या बिपत्तिलाई टारौ ॥
आगाको होसियारी गरौं हावा हुरी चल्ला । घर आगन सफा राखौ सधैं वल्ला पल्ला ॥
प्रकोप राहत कोषको ब्यवस्थापन गरौ । प्रकोप न्युनीकरण गर्न सबै लागि परौ ॥

**अनुसूची -४**

**स्वास्थ्य सेवा तथा पोषण:**

हाम खानाउ सदाई भरि मिठा फलफूल । हरिया काँकडा फल्या काँकडाकाइ झूल ॥
मौसमी सुन्तला पनि खाना खिलाई चाइन्या । पहेला फलफूलबाट भिटामिन ए पाइन्या ॥
हाम्रो ठाउँमा दाँते ओखर कति फल्छन कति । फलफूलमा पाइन्या रैछन भिटामिन जति ॥
अनार दाडिम खानाउ स्याउ खानाउ पपितो । रुखैमा पाक्याको आम कति हुन्छ मिठो ॥
कति धेरै मिठा हुना आलपोखरा आरु । औलका किरमडा मिठा लेगका घडारु ॥
अम्बा खाया चिउरा खाया कटहर खाया लिची । क्या मिठी पर्वती केरा खाया मिची मिची ॥
बजारहै किनि खाया अंगुरको झुप्पो । पाक्या पछि कालै हुन्छ पाफलको टुप्पो ॥
ऐसेलु काफल पाउन्या हाम्रा वनै भरि । काफल पाकन्या बेला बोल्या कोइली चरी ॥
माटिमुणी पाक्याका मिल्या राता राता खन्या । बेल्टा बेडु खाया सबै मिठाइ छन भन्या ॥
यस ठाउँका फलफूल जति अन्त कहाँ पाउनु । यिति मिठा फलफूल सबैले हो लाउनु ॥

**अनुसूचि-५**

**हामरा काजवारहरु:**

के क्या छन काजवार हाम्रा सबै राखौ जानी । बिसौंखि बाबर खाउला नयाँ बर्ष मानी ॥
चैत जान्छ बैशाख आउँछ नयाँ बर्ष हाम्रो । नयाँ बर्ष आयो भणि सबै मान्न्या राम्रो ॥
दशारो जेठका मैना पुतलि सेलाउन्या । ब्याउला ब्याउली बनाइ बर च्याचेली खेलाउन्या ॥
साउन मसान्तिका दिन मेहन्दि लाउना छु । बाबर माल्पुवा पुरी खानाखि पाउना छु ॥
भदौ संक्रान्तिका दिन हाम्रा घर घर । सबै मान्छौं काजवार वलक्या भणिवर ॥
नाग पञ्चमी रक्षा पन्यु हिन्दु सबै मान्छौं । यिन ठूला काजवारभनि निको निकोइ खान्छौं ॥
रक्षा लाउछौं जनै हाल्छौं पितृको तर्पण । जौ तिल पवित्र जल गर्दछौ अर्पण ॥
भदौखि गुमरा देवी माइती घर आउनेइ । व्रत बसि महिला जती पूजा गर्न पाउनेइ ॥
भदौमा कृष्णको पनि जनम भयाको । व्रत बसि पूजा गय्रा प्रथा छ रयाको ॥
पडन्छे भदौकाइ मैना शिखरकि जाँत । दुध घिउ चामलको भोग लागन्छ गाथ ॥

असौज विजया दशै यो राष्ट्रिय पर्व । टिका लाउन्या जमरा पाउन्या नेपालीको गर्व ॥
जाँत हुन्छ देवाली आउछ कार्तिकका मैना । दाजु भाइलाई टिका लाउन्नि सबै दिदीवैना ॥
घाटिनी फूलकी माला निधारमा टिका । हेद्दा यिन काजवार कति छन् निका ॥
कैलपाल बडालै जाँत संगसंगै जाउला । जल्फि मिठाइ किनिवर बसिबसि खाउला ॥
पुष पन्नरकि रात कोई पनि नसिन्या । धन्य हुन यि काजवार हौस रंग दिन्या ॥
पुष मसान्तिकि रात गहनानको मेला । सेतीमा स्नान अद्यु बिहानका बेला ॥
स्वस्थानीको पूजा हुन्छ धर्मी मैना माघ । लै जाउला कोसेली पकाई चेलिबेटीका भाग ॥
लागन्छ फागुनको मैना होलीको मौसर । रंगकी पिचकारी खेल्या हाम्रा घर घर ॥
चैत हुन्छ चैते दशै रामनौमीको बेला । देवी मान्नु देवता मान्नु हाम हिन्दुका चेला ॥
यिन हाम्रा काजवार आउनाई रया पन । संस्कृति र परम्परा बिसय्रा कोइ जन ॥

**अनुसूची-६**

## *सिर्जनात्मक कला:*

### बाह्र महिना:

पहिलो मैना बैशाक हो दोस्रो मैना जेठ । जाउला साथी काफल खान बनमी होली भेट ॥
तेसरो अषाढकव मैना चौथो मेना साउन । हामलाइत रहर लाग्दि यसा गीत गाउन ॥
पाँचौ हो भदौको मैना असोज मैना छौटो । इस्कुल दशैकि छुट्टी घरै बसि रैछौ ॥
सातौ हो कातिककव मैना मंसिर मैना आठौ । मंसिर जाडीकि मरु कसेरी रात काटौ ॥
नयाउ हो पुषको मैना दशौ मैना माघ । लैजाउला कोसेली पकाइ चेलीबेटीका भाग ॥
एघारौ फागुनको मैना बाह्रौ मैना चैत । बाह्र मैना भया पछि बर्ष हुन्या रै छ ॥

### A B C D कविता

A B C D E F G पोसिलो हुन्छ गाईको घी ॥
H I J K L M N कापी किताब झोलामा खल्तिमा पने ॥
O P Q R S T U आफ्नो लेख्ने कापी कलम अरु लाइन दिउ ॥
V W X Y अनि भन Z यसरीनै भोली पनि हुन्छ साथी भेट ॥
सुन सुन नानी, कति राम्रो बानी । हात मुख धुनलाई, चाइन्छ साबुन पानी ॥
ताजा सफा खाना खाउ,दिशा गर्न चर्पी जाउ । फोर खाना पानीले, पर्छ सबलाई हैजा आउँ ॥
लुगा पनि सफा राखौ, कपाल कोरी बाटी । खेल्नु हुन्न कसैले, फोहोर धुलो माटी ॥
नङ पनि काट्नु पय्रो, भए पछि लामा । हामलाई सुन्दर बनाइ देउ, हाम्रा बुबा आमा ॥
आफु भन्दा ठूला संग, हजुर भनी बौलौ । पढन कोठा गए पछि, किताब कापी खोलौ ॥
साथी संग खेल्ने गरौ, सबै मिलि जुली । पढिलेखि बन्छौ हामी, सबै ठूला ठूली ॥

### बालगीत:

१. हामी त बालक साना छौ
सधै इस्कुल आउने छौ
कोठा भित्र बसेर

२. क ख ग घ पढने छौ
A B C D लेखेर
अघी अघी बढने छौ

रमाई रमाई गाउने छौ
साथी संग बसेर ।

३. हामी सधै रमाउदै
असल कुरा देख्ने छौ
साथी संग खेल्ने छौ
खेल्दै खेल्दै सिक्ने छौ
लय मिलाई गाउने छौ ।

राम्रो गरि पढेर
शब्द र वाक्य लेख्ने छौ ।

४. मिठो भाका झिक्ने छौ
हात मुख धोएर
सफा सुन्दर भएर
ताजा खाना खाने छौ
आफ्नो घरमा गएर ।

## फोटो सङ्कलनकर्ताः




प्रेमसिंह ऐर
स्रोतब्यक्ति
शिक्षा शाखा गन्यापधुरा
ayerprem15@gmail.com





शिव बहादुर महता
सूचना प्रविधि अधिकृत
सूचना शाखा गन्यापधुरा
shivmahata.sm@gmail.com


## लेख रचना सङ्कलनकर्ताः


नवल बहादुर मल्ल – अध्यक्ष
नारायण दत्त भट्ट – इकाइ प्रमुख
प्रेमसिंह ऐर – स्रोतब्यक्ति
शिव बहादुर महता- सूचना प्रविधि अधिकृत
पदमराज जोशी- प्रधानाध्यापक
असिग्राम आवि राउनाकोट
जयराज अवस्थी – प्रधानाध्यापक
आदित्य आवि नवलपुर
मीन बहादुर शाही – प्रधानाध्यापक
जनता मावि सकायल
भोजराज पनेरु- प्रधानाध्यापक
लाटामाण्डौ आवि रुमायल



website:- ganyapadhuramun.gov.np, E-mail:-ganapdhurarm@gmail.com